
# लेखापरीक्षण प्रतिवेदन

## बलेफी गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बलेफी गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/283

मिति : २०८३-१-३०

श्रीमान् अध्यक्षज्यू,
बलेफी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय
सिन्धुपाल्चोक।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/283

श्रीमान् अध्यक्षज्यू,
बलेफी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक।

**विषय :** लेखापरीक्षण प्रतिवेदन।

**१. कैफियत सहितको राय :**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधार :**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन ।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब २९ करोड १७ लाख ८० हजारको लेखापरीक्षणबाट रू. १ करोड २६ लाख ११ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. २ लाख १६ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू. १ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३४ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु. ८७ लाख २५ हजार गरी जम्मा रु. १ करोड २३ लाख ९५ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु. २१ करोड २८ लाख ५३ हजार बेरुजू मध्ये रु. ७९ लाख ६२ हजार सम्परीक्षण भई यस वर्षको थप रु. १ करोड २३ लाख ९५ हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु.२१ करोड ७२ लाख ८६ हजार बाँकी रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा :**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी :**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी :**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७४ | ६५ | १,२६,१०,६०२ | ० | ३ | २,१५,८०० | ० | ७४ | ६२ | १,२३,९४,८०२ | १,९०,५९३ | ८७,२५,४८९ | ३४,७८,७२० | ० | ० | १,२२,०४,२०९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष समपरीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | २१२८५३२३३ | ० | ७९६१६३४ | २०४८९१५९९ | ० | १२३९४८०२ | २१७२८६४०१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५१ | वनकालि मन्दिर संरक्षण समिति | २,००,००० |
| २ | २०८१/८२ | ३२.२ | भुक्तानीमा कर कट्टी : | ७,००० |
| ३ | २०८१/८२ | ३३.2 | बढी दरमा भुक्तानी | ८,८०० |
| ४ | २०८०/८१ | ३९ | स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण कार्यक्रम | २५,३०० |
| ५ | २०८०/८१ | ४५ | शिक्षा - संघीय ससर्त चालु | १,९०,००० |
| ६ | २०८०/८१ | ४४ | शिक्षा - गाउँपालिका चालु | ४८,१३,४५८ |
| ७ | २०८०/८१ | ५१ | वितरण भर्पाइ | ९६,१०६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ३४ | मासिक ज्यालादारी कर्मचारी | १६,८०,४२४ |
| ९ | २०८०/८१ | ५६ | प्रशासनिक भवन | १,००,००० |
| १० | २०८०/८१ | १३ | जिन्सी दाखिलाको प्रमाण पेश नभएको | २,१०,९०८ |
| ११ | २०८०/८१ | ४६ | कार्यसम्पन्न प्रतिवेदन | १९,५९८ |
| १२ | २०८०/८१ | ४९ | उपभोक्तामार्फत सामाग्री खरिद | ७०,००० |
| १३ | २०८०/८१ | ४० | आमा सुरक्षा र प्रजनन स्वास्थ्य कार्यक्रम | ७,२०० |
| १४ | २०७८/७९ | ६९ | मु.अ.कर समायोजन | ७,४८,६४० |
| जम्मा | | | | ८१,७७,४३४ |

# बलेफी गाउँपालिका, सिन्धुपाल्चोक

# ( ८०३२७५०५३०० )

# बलेफी गाउँपालिका , सिन्धुपाल्चोक

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता. सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्न र स्थानीय सरकारका काममा जनसहभागिता. उत्तरदायित्व. पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्न पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेक छन् भने क्षेत्रफल ६१.६० वर्ग किलोमिटर तथा १७,०८५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०२ देखि २०८२।०५।०६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको , आय - व्ययतर्फ रु. १ अर्व २९ करोड १७ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचिमा सम्लग्न गरिएको छ ।

२.१ **(क) एकीकृत वित्तीय विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८१।८२ को समग्र संचित कोषको संक्षिप्त अवस्था देहायबमोजिम पेश गरेको छ ।

| आयतर्फ | | | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं | विवरण | रकम | रकम | क्र.सं | विवरण | रकम | |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६९८७९०२७ | १ | **चालु खर्च** | | ३११९४३२५८ |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | | १६९४४७१७७ |
| | ख) बैक | ६९८७९०२७ | | ३ | **विभिन्नकोषतर्फको खर्च** | | २३१७१४२७ |
| | ख.१)सञ्चित कोष खाता | ३४६०५४९४ | | | क) प्रकोपव्यवस्थापन कोष खाता | ५८६१८०३ | |
| | ख.२) धरौटीखाता | १८४०८२४८ | | | ख) विविधखर्च खाता | १७३०९६२५ | |
| | ख.३)प्रकोप व्यवस्थापन कोष खाता | १७३०२०५ | | ४ | **धरौटीफिर्ता** | | ७१५५८०३ |
| | ख.४) विविधखर्च खाता | १५१३५०८० | | ५ | **अन्तरसरकारीअन्तियारी** | | ११३८२४९८५ |
| २ | **राजस्व** | | ९८७९२९०४ | ६ | **मौज्दात** | | ४९११४६७९ |
| | | | | | क) नगद | ० | |
| | क) आन्तरिक राजस्व | ६५७९३६७ | | | ख) बैक | ४९११४६७९ | |
| | ख) राजस्व बाँडफाँड | ९२२१३५३७ | | | ख.१)सञ्चित कोष खाता | ९१८४५०४ | |
| | घ) अन्य आय | ० | | | ख.२) धरौटीखाता | १७८६९५४७ | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ३२०३७५८४० | | ख.३)प्रकोप व्यवस्थापन कोष खाता | ३३५३४०२ | |
| | क) वित्तिय समानीकरण अनुदान | १०६३४९८४० | | | ख.४) विविधखर्च खाता | १८७०७२२५ | |
| | ख) सशर्त अनुदान | १९९०२६००० | | ७ | **निकासाफिर्ता** | | २९७२८७२२ |
| | ग) समपूरक अनुदान | १५०००००० | | | क) संघीयनिकासा फिर्ता | १९६८१२४२ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ६४०४८००० | | ख ) प्रदेशनिकासा फिर्ता | १००४७४८० | |
| | क) वित्तिय समानीकरण अनुदान | ११८७५००० | | ८ | आम्दानीसमायोजन | | १०००८७० |
| | ख) सशर्त अनुदान | २४१७३००० | | | | | |
| | ग) समपुरक अनुदान | २००००००० | | | | | |
| | घ) विशेष अनुदान | ८०००००० | | | | | |
| ५ | **विभिन्नकोषतर्फको आय** | | ७४८५००० | | | | |
| | क) प्रकोपव्यवस्थापन कोष खाता | ७४८५००० | | | | | |
| | **ख) विविधखर्च खाता** | | २०२८१७७० | | | | |
| | ख.१सामाजिक सुरक्षा फिर्ता | ४०७८३६० | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख.२ गृहणीमहिला सशक्तिकरण कार्यक्रम | १३७१८३४ | | | | | |
| | ख.3 सडकबोर्ड नेपाल | २२०८००० | | | | | |
| | ख.४भोटेकोशी हाइड्रोपावर | २२५००० | | | | | |
| | ख.५उपाध्यक्ष फलफुल कार्यक्रम | ७४५८० | | | | | |
| | ख.6 लघुउद्यम साझेदारी | ४४००० | | | | | |
| | ख.7 अन्यविविध आय | १२२७९९९६ | | | | | |
| ६ | **धरौटी खाता** | | ६६१७१०३ | | | | |
| ८ | **आन्तरिकअनुदान खाता** | | ४०८२२९३ | | | | |
| | क) पि.एल.जि.एस.पिकार्यक्रम | ४३६५०० | | | | | |
| | ख) जिल्लासमन्वय समिति साझेदारी | ३६४५७९३ | | | | | |
| ९ | **अन्तरसरकारीअन्तियारी** | | ११३८२४९८५ | | | | |
| | क) सामाजिकसुरक्षा | ११३८२४९८५ | | | | | |
| | **जम्मा रकम** | | **७०५३८६९२२** | | | | ७०५३८६९२१ |

**(ख) स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली** : पालिकाले आर्थिक वर्ष २०८१।८२ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७०, प्राप्ति तथा भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन देहायनुसारको पेश गरेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **अन्तरसरकारी अख्तियारी** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) तयार गर्नुपर्छ । पालिकाले स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्राणालीको अनुसूचि १४ मा अन्तरसरकारी अख्तियारी अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षणकोखर्च रु. ११३८३२९६५.११ प्रविष्टी गरेको देखिएन तथा आर्थिक कारोवारको सारांश कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) मा समावेश भएको देखिदैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

२.३ **फरक हिसाब** –पालिकाले सुत्रबाट तयार गरेको स्थानीय संचित कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्दा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-१ (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन) ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.सं. | विवरण | गतवर्षको जिम्मेवारी रु. | यसवर्षको प्राप्ति रु. | यसवर्षको भुक्तानी रु. | बैङ्क मौज्दात रु. |
|---|---|---|---|---|---|
| १ | एकीकृत आर्थिक विवरण अनुसार | ६९८७९०२७ | ६३५५०७८९५ | ६५६२७२२४२ | ४९११४६७९ |
| २ | सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) | ८०१७४३०१ | ४५५९६९४४५ | ४८१३९०४३५ | ४८५१४६७९ |
| | फरक | -१०२९५२७४ | १७९५३८४५० | १७४८८१८०७ | ६००००० |

उल्लेखित विवरण अनुसार स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०) को प्राप्ति तथा भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तुलनात्मक अध्ययन गर्दा सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) अनुसार गत बर्षको जिम्मेवारी रु. ८०१७४३०१ रहेकोमा पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार रु. ६९८७९०२७ पेश भई रु. १०२९५२७४ घटी जिम्मेवारी देखिएको साथै सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) अनुसार बैकं मौज्दात रु. ४८५१४६७९ रहेकोमा पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार रु. ४९११४६७९ पेश भई रु. ६००००० बढी मौज्दात देखिएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.४ स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्ति र भुक्तानी तथा मौज्दात रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ ।गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार रु. ६९३६१७४४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ६९८७९०२७ जिम्मेवारी सारेको विवरण पेश गरेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५१७२८३ बढी जिम्मेवारी देखिएको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.५ स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०) को कोषहरुको प्राप्ती, भुक्तानी र बाँकीको विवरण र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तुलनात्मक अध्ययन गर्दा स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली अनुसार विभिन्न कोषतर्फको प्राप्ति रु. २७१६०५५९ रहेकोमा एकीकृत आर्थिक विवरण अनुसार रु. २४३६४०६३ पेश भई घटी प्राप्ति रु. २५२६४९६ देखिएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.६ पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार आम्दानी समायोजन वापत रु. १०००८७० देखिएकोले सो रकम यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,८७० |

२.७ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) को बैंक तथा नगद बाँकीको प्रतिवेदनमा श्रेस्ता र बैङ्क अनुसारको बाकीको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | ९१८४५०४ | ९१८४५०४ | ० |
| २ | चालु | ० | ० | ० |
| ३ | पूजिगत | ० | ० | ० |
| ४ | विभाज्य कोष | ० | ० | ० |
| ५ | धरौटी | १७८६९५४७ | १७८६९५४७ | ० |
| ६ | अन्य कोषहरु | | | |
| ७ | १. ग ५.१ - स्थानीय तह विविध कोष खाता | १८१०७२२५ | १८१०७२२५ | ० |
| ८ | २. ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३३५३४०२ | ३३५३४०२ | ० |
| | जम्मा | ४८५१४६७९ | ४८५१४६७९ | ० |

क. स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाइ विश्वसनिय बनाउन र प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

(क) स्थानीय सरकार सञ्चालन ऐन को २०७४ दफा ११ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन नगरेको,

(ख) आर्थिक कार्यविधि ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शिर्षकको अनुगमन तथा मुल्यांकन गरी भौतिक तथा वित्तिय नतिजाको मुल्यांकन गरी प्रतिवेदन तयार नगरेको,

(ग) पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,

(ङ) विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, भ्रमण गराउने कार्यक्रम, तालिम गोष्ठी र वितरणमुखि कार्यक्रम तर्फ बढी केन्द्रीत भई वितरणमुखि तरिकाले खर्च गरेको,

(च) कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

(छ) सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको,

(ज) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

(झ) दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य नभएको,

(ञ) स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने अधिकांश सामानको गुणस्तर परीक्षण नगरेको,

(ट) वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार नगरेको,

(ठ) पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

(ड) कुनै रकम भुक्तानी दिदाँ आर्थिक कार्यविधि नियमावली २०७७ अनुसार भुक्तानीको सिलसिलेबार नम्बर राखी भुक्तानी जनाउने छाँप नलगाई भुक्तानी दिएको,

(ढ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार पालिकाले न्यूनतम दररेट तयार गरी अनुमोदन नगराएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४ प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन

यसमा देहायका व्यहोरा देखिएका छन् :

४.१ **तलवि प्रतिवेदन पारित नगरेको** - बागमती प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था रहेकोमा पालिकाले ३७ जना कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रु.२ करोड ८६ लाख २६ हजार तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । यस सम्बन्धमा विगतका लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याईएकोमा सुधार भएको देखिएन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब, भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४.२ **दरबन्दी र पदपूर्ति** - बागमती प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिका र अन्तर्गतका निकायहरुमा प्रमुख प्रशासकीय अधिकृत सहित ७८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित स्थायी पदपुर्ति ३५ र करार पदुपुर्ति ४३ गरी कुल ७८ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएकाकृषि अधिकृत, पशु अधिकृत, सब इन्जिनियर लगायतका पद रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन,

सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

४.३ **करार कर्मचारी :** बागमती प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिकाले विभिन्न पदमा करार सम्झौता गरी ४३ कर्मचारीहरूलाई रु. २ करोड ७ लाख ९९ हजार खर्च लेखेको छ । पालिकाले दरबन्दी भित्र नपरेका सहायक कम्प्युटर अपरेटर ८ जना, बालमैत्री सहजकर्ता ८ जना, सामाजिक परिचालक १ जना, मेडिकल अधिकृत २ जना, अनमी १ जना र अमिन १ जना करारमा राखि बार्षिक रु.७२२९९४३ भुक्तानी गरेको विवरण पेश गरेको छ । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि भएको देखिन्छ । स्वीकृत दरबन्दी बेगर र अप्राविधिक पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसंगत देखिएन ।

४.४ **कर्मचारी प्रोत्साहन भत्ता** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०७७ को नियम ७.१.५ मा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाइ साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानिय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ । उल्लेखित व्यवस्था विपरित पालिकाले कृषि र इन्जिनियरिङ्ग सेवाका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप १३ जना कर्मचारीलाई रु. ९ लाख ३१ हजार खर्च लेखेको छ । अतिरिक्त समय पुष्टि गर्न विद्युतीय हाजिरी र सूचकसहितको कार्यसम्पादन नतिजा, मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छैन।अतिरिक्त समय काम गरेको आधार र प्रमाण स्पष्ट हुनुपर्दछ।

४.५ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष स्थानीय सेवाका कर्मचारीले खाईपाई आएको तलबबाट रकम कट्टा गरी कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेको छैन । यसले गर्दा पालिकामा नियुक्त भएका कर्मचारीको भविष्यको ठूलो रकमको दायित्वको स्रोत अनिश्चित बनेको छ । स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## ५ सेवा प्रवाह विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन नियम, नीति बनाउने, योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने र सेवा प्रवाह गर्नुपर्ने व्यवस्था छ। कार्य विस्तृतिकरण प्रतिवेदन अनुसारका कार्य गर्न आवश्यक संयन्त्र बनाइ कार्य गर्नुपर्ने व्यवस्था छ । सेवा प्रवाहलाई प्रभावकारी बनाई अभिलेखीकरण समेत गर्नुपर्दछ । कार्यालयले पेश गरेको सेवाप्रवाहको विवरण देहायबमोजिम छ ।

| क्र.सं. | विवरण | एकाई | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|---|
| | सिफारिस तथा घटना दर्ता तर्फ | | | |
| १ | नागरिकता सिफारिस | वटा | ६४० | ६४० |
| २ | घरबाटो सिफारिस | वटा | २३६ | २३६ |
| ३ | नाता प्रमाणित | वटा | ३१६ | ३१६ |
| ४ | जन्मदर्ता | वटा | ५५६ | ५५६ |
| ५ | मृत्यु दर्ता | वटा | १९८ | १९८ |
| ६ | सम्बन्ध बिच्छेद | वटा | २२ | २२ |
| ७ | बसाईसराई | वटा | ४२ | ४२ |
| ८ | घर नक्सा पास | वटा | ९ | ९ |
| | निर्माणतर्फ | | | |
| १ | कालोपत्रे सडक | कि.मि | २.८० | |
| २ | ग्राभेल सडक | कि.मि | ०.६० | |

उल्लेखित विवरण अनुसार सडक निर्माणतर्फ कालोपत्रे र ढलान सडक निर्माण न्यून देखिएको छ।भौगोलिक रुपले कठिन र टाढाको दुरीमा वडाहरु रहेकोले पक्कि सडक निर्माणमा थप जोड दिनुपर्दछ।पालिका जोड्ने २० फुटे सडक समेत पक्की नभएकोले सेवा ग्राहिलाई सेवा लिन सहज बनाउन उक्त सडक समेत पक्कि बनाउन जरुरी छ।

६ **बजेट तथा कार्यक्रम**

यसमा देहायका व्यहोरा देखिएका छन् ।

६.१ बजेट तथा कार्यक्रम तर्जुमा : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ अनुसार बजेट तयार गर्नु भन्दा पहिले स्रोत अनुगमान तथा वजेट सिमा निर्धारण समिति वनाउने, मध्यकालिन खर्च संरचना तयार गरी स्रोत सुनिश्चित गर्ने, बजेट निर्माण तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने, आगामी बजेट तयार गर्दा साविकको उपलब्धिको विश्लेषण गर्ने, योजना तथा कार्यक्रमको तथ्यांकको आधारमा प्राथमिकीकरण गर्ने, विगत देखिको दायित्व, बजेट, निकासा, खर्च र प्रगति विवरण जस्ता विषय ध्यान दिई बजेट निर्माण गर्ने जस्ता पक्षलाई विचार गरी बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ । बजेट निर्माण गर्दा स्थानीय आयोजना बैंकमा रहेका र प्राथमिकताक्रममा माथिल्लो श्रेणीमा रहेका आयोजनामा मात्र बजेट प्रस्ताव गर्नुपर्ने लगायतका व्यवस्था आंशिक मात्र कार्यान्वियन भएका छन । यस्ता व्यवस्थाको पूर्ण कार्यान्वियन गरी बजेटलाई गरिवी निवारण गर्ने, आय आर्जन रोजगारी सिर्जना गर्ने, उत्पादनमुलक क्रियाकलापमा विनियोजन हुनुपर्नेमा छिटो प्रतिफल नदिने र गरिवी निवारण एवं रोजगारी सिर्जना नहुने वितरणमुलक क्रियाकलापमा समेत बजेट विनियोजन भएको अवस्था छ । स्थानीय सरकार संचालन ऐनको पुर्ण कार्यान्वियन गर्नुपर्दछ ।

६.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(७) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने लगायतका कार्यहरु सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । त्यसैगरी आगामी आर्थिक वर्षको बजेट सीमा निर्धारण गरी प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट पेश पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८१।३।७ गते रु. ५४ करोड ९२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१।३।११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्चगर्ने अख्तियारी प्रदान गरेको छ ।

६.४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २३५५३००० | १९९८५१५३ | ४.१५ |
| २ | पूर्वाधार विकास | १३७१६६८८९ | ११२८५९२६७ | २३.४४ |
| ३ | सामाजिक विकास | २६७२१२६०० | २४५२२४८९६ | ५०.९४ |
| ४ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | १४०७६१११ | १२१००१३१ | २.५१ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०७१९१४०० | ९१२२०९८८ | १८.९५ |
| | जम्मा | ५४९२००००० | ४८१३९०४३५ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.९४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशानमा सबै भन्दा घटी २.५१ प्रतिशत रहेको छ। पूँजी निर्माणतर्फ आयआर्जन, रोजगारी सिर्जना र गरिवीमा कमी ल्याउने कार्यमा बजेट प्राथमिकीकरण गरेको पाइएन । सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

६.५ **योजना प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजनाहरु न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| योजना | रु. १ लाख सम्म | रु. १ लाख देखि २ लाखसम्म | रु. २ लाखदेखि ५ लाखसम्मका | रु. ५लाख देखि १० लाखसम्मका | रु. १० लाखभन्दा बढीका | जम्मा |
|---|---|---|---|---|---|---|
| पालिकास्तरीय | ४० | ५० | ३१ | १ | १६ | १३८ |
| वडास्तरीय | २८ | ३७ | २० | ११ | ० | ९६ |
| जम्मा | ६८ | ८७ | ५१ | १२ | १६ | २३४ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा २३४ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ८८ प्रतिशत योजनाहरू रहेका छन् । साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

६.६

**त्रैमासिक खर्च :**आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजगत खर्च | १६९४४७ | ६६०९ | २८८४५ | ४८३९५ | ८५५९७ | ३९३८४ |
| चालु खर्च | ३११९४३ | ६५१५४ | ६६४९७ | ७२३११ | १०७९८२ | ७१२६९ |
| जम्मा खर्च | ४८१३९० | ७१७६३ | ९५३४२ | १२०७०६ | १९३५७९ | ११०६५३ |
| खर्च प्रतिशत | | १४.९१ | १९.८१ | २५.०७ | ४०.२१ | २२.९९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४८ करोड १३ लाख ९० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ७ करोड १७ लाख ६३ हजार अर्थात १४.९१ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ९ करोड ५३ लाख ४२ हजार अर्थात १९.८१ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. १२ करोड ७ लाख ६ हजार अर्थात २५.०७ प्रतिशत र चौथो त्रैमासिकमा रु. १९ करोड ३५ लाख ७९ हजार अर्थात ४०.२१ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. ११ करोड ६ लाख ५३ हजार अर्थात २२.९९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुनेगरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

६.७ **रकमान्तर:** स्थानीय सरका संचालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पुँजिगत तथा चालु शिर्षकका विभिन्न १७९ योजना तथा कार्यक्रममा विनियोजन भएको रु. ३ करोड ८६ लाख ८१ हजार रकमान्तर गरेको छ । उक्त रकम सुरु बजेट रु. ५३ करोड ५५ लाख १० हजारको को तुलनामा ७.२२ हुन आउँछ । रकमान्तर थप तथा घट गर्दा रकम फरक पर्नुको कारण नगरपालिकाको विशेष सभाले कतिपय थप गरेको योजनामा समेत बजेट विनियोजन गर्ने सो रकम समेक रकमान्तर थपमा देखिने भएकाले घट र थप भएको रकम फरक पर्न गएको पालिकाले जनाएको छ । तथापी कार्यपालिकाले विभिन्न समयमा रकमान्तर निर्णय गरेकोमा सुत्र प्रणालीमा सुरु विनियोजन भएकै कार्यक्रमबाट भुक्तानी भएकाले वास्तविक रकमान्तर रकम र खर्च रकमका सम्बन्धमा यकिन गर्न सकिएन । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

६.८ **गत बर्षको दायित्व भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१५) मा उपनियम १४ बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तलव, महंगि भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च,घर भाडा, पोशाक,खाद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम जस्ता रकम मात्र भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मात्र भुक्तानी गर्न पाइने उल्लेख छ । पालिकाले यसवर्ष गत वर्षको काम सम्पन्न नभएका विभिन्न योनाहरुको भुक्तानी दिन वाँकी रु ६१ लाख ४८ हजार यो वर्ष भुक्तानी गरेको छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनु पर्दछ ।

६.९ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको

मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## ७ कानून र निर्देशिका निर्माण र कार्यान्वयन

यसमा निम्न व्यहोरा देखिएका छन् ।

७.१ **कानुन निर्माण र कार्यान्वियन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म २६ ऐन, ५ नियमावली, ३७ कार्यविधि, ८ निर्देशिका र २ नमर्स गरी जम्मा ७८ वटा कानुन निर्माण गरी राजपत्रमा प्रकाशन गरी कार्यान्यिवनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

७.२ **न्यायीक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष यो बर्ष २८ उजुरी दर्ता भएकोमा २४ वटा फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ८ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार यस वर्ष संघ तर्फको रु. १९६८०८४१ र प्रदेश तर्फको रु १००४७४८० गरी जम्मा रु. २९७२८३२१ अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८२-०३-२५ मा फिर्ता गरेको देखिन्छ ।

| स्रोत | अनुदानको प्रकार | आम्दानी रु. | खर्च रु. | बाँकी रु. | निकासा फिर्ता रु. |
|---|---|---|---|---|---|
| नेपाल सरकार | शसर्त अनुदान चालु | १६८०६१००० | १५५४४३०९४ | १२६१७९०३ | १२६१७९०३ |
| | शसर्त अनुदान पुँजीगत | ३१०००००० | २६७४११३७ | ४२५८८६३ | ४२५८८६३ |
| | विषेश अनुदान पुँजीगत | ० | ० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | १५०००००० | १२१९५९२४ | २८०४०७६ | २८०४०७६ |
| | जम्मा | २१४०२६००० | १९४३४५१६ | १९६८०८४१ | १९६८०८४२ |
| बागमति प्रदेश | शसर्त अनुदान पुँजीगत | १३०००००० | १२३६८७९२ | ६३१२०८ | ६३१२०८ |
| | शर्शत अनुदान चालु | १११७३००० | १०२८००८५ | ८९२९१५ | ८९२९१५ |
| | विषेश अनुदान पुँजीगत | ८०००००० | ५८०५०५९ | २१९४९४१ | २१९४९४१ |
| | समपुरक अनुदान पुँजीगत | २०००००००० | १३६७१५८४ | ६३२८४१६ | ६३२८४१६ |
| | जम्मा | ५२१७३००० | ४२१२५५२० | १००४७४८० | १००४७४८० |
| | कुल जम्मा | २६६१९९००० | ६१५६००३६ | २९७२८३२१ | २९७२८३२२ |

## ९ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । साथै दफा ३ मा आन्तरिक लेखापरीकले औल्याएका कैफियत सम्बन्धि अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै समपरीक्षण गराउनुपर्नेछ भनी उल्लेख छ ।साथै आन्तरिक लेखापरीक्षण (कार्यविधि,) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । आन्तरिक नियन्त्रण प्रणालीको महत्वपुर्ण पक्ष मानिएको आन्तरिक लेखापरीक्षणको कार्य प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण विधि र मापदण्ड तयार गरी त्यसको पद्वती र दृष्टिकोण निर्माण गरी लेखापरीक्षण योजना तथा कार्यक्रम निर्धारण गर्ने र सो अनुसार लेखापरीक्षण गर्नुपर्नेमा जोखिम निर्धारण गरी सो अनुसार लेखापरीक्षण गर्नुपर्दछ।

१० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्षको आन्तरिक आय रु. ६५ लाख ७९ हजार रहेकोमा यस वर्ष अतिथि सत्कार तथा विविध खर्च शिर्षकमा वजेट विनियोजन गरी रु. ११ लाख ९९ हजार खर्च गरेको छ, जुन आन्तरिक आयको १८.२२ प्रतिशत हुन जान्छ । विविध खर्चको प्रयोजन लगायत औचित्य पुष्टि हुने समय, कार्य निर्णय र अतिरिक्त समय काम गरेको हाजिरी समेत खुलाई विविध खर्च नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

११ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्नेमा यस वर्ष विपन्न असहाय उपचार गर्न नसकेका विभिन्न व्यक्तिलाई औषधि, उपचार, खाद्यान्न लगायतमा रु. ५००० देखि रु. १५००० सम्म अध्यक्षको तोक आदेशको आधारमा र रु. १५००० माथिको कार्यपालिकाको निर्णयले आर्थिक सहायता बापत रु. १०,००,००० खर्च गरेको छ । आन्तरिक आय रु. ६५ लाख ६७ हजार रहेको पालिकाले आर्थिक सहायतामा आन्तरिक आयको १५.२३ प्रतिशत खर्च गरेको देखिएकोले आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ । आर्थिक सहायता वापत भुक्तानी गरेको रकममको विववरण पालिकाले वेबसाईट मार्फत सार्वजनिकरण गर्नुपर्दछ ।

१२ **सम्पति व्यवस्थापन**

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्

१२.१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा नगरपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु राख्नु पर्दछ ।

१२.२ **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रयोग :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार सार्वजनिक निकायले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागू गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा आ.व २०८१।०८२ सम्ममा सबै शाखा र वडाको एकीकृत जिन्सी अभिलेख देखिने गरी पाम्स प्रणाली लागू गरी सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्नेमा सो गरेको पाइएन । खरिद गरेको अधिकांश सामानहरुको खरिद मुल्य नखुलाई जिन्सी दाखिला गरेको तथा जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । पालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुबाट सामाग्री खरिद गरी सो वापत बिल रकम भुक्तानी गरिएकोमा उक्त शाखा

तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्री अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको अवस्था छ।यसबाट परेको असर यकिन गरिनु पर्दछ ।

१२.३ **मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

१३ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३(क) मा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले अनुसूची १.क मा उल्लेख भएबमोजिम सुविधा पाउने व्यवस्था भएअनुसार पालिकाले यस वर्ष अनुसूची १ मा उल्लेख भएको पदाधिकारी सुविधा अन्तर्गतका टेलिफोन मोबाइल, खाजा, पुस्तक, पत्रपत्रिका, इन्टरनेट, समन्वय भत्ता, खानेपानी बिजुली महशुल, सरसफाइ, मर्मत, अतिथि सत्कार लगायतका शीर्षकमा रु. ५६ लाख ७९ हजार खर्च लेखेको देखिन्छ ।

१४ **पेश्की बाँकी**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा पेश्की सम्बन्धि व्यवस्था रहेको छ । पालिकाले विभिन्न कार्यक्रम तर्फको पेश्की एकिकृत गरी विवरण राख्नुपर्नेमा राखेको छैन । पेश्की सम्बन्धि विवरण नयाँ म.ले.प. फारम अनुसार अद्यावधिक रुपमा राख्नुपर्दछ । पालिकाले आ.व. २०८१।०८२ सम्म फस्यौट गर्न बाँकी पेश्की नरहेको विवरण पेश गरेको देखिन्छ ।

१५ **पर्व उत्सव तथा वितरणमुखी कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीयउत्तर दायित्व नियमावली,२०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र ¬औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनु पर्ने उल्लेख छ।नमुनाको रुपमा परिक्षण गर्दा पालिकाले पर्व उत्सव महोत्सव तथा जात्रा मनाउने कार्यमा खाना खाजा तथा अन्य विल भर्पाईका आधारमा मात्र खर्च भुक्तानी गरेको छ।सरकारी रकमको मितव्ययीता तथा औचित्यतता समेतलाई ध्यान राखी उपलब्धी बिनाको खर्च रकम भुक्तानीमा सुधार गर्नु पर्दछ।यसका केहि उदाहरण निम्न अनुसार रहेको छ।

| भौचर नं र मिति | भुक्तानी | विबरण | खर्च रकम |
|---|---|---|---|
| ९१।२०८१।६।१६ | रिनु नेपाली सुन्दास | तिज विशेष कार्यक्रम | २००००० |
| ११३।२०८१।६।२० | तिप्लिङ मिडिया प्रा.ली | मौलिक खान्दोक सेलो संरक्षण | १००००० |
| १६७।२०८१।७।१३ | फ्याफुल्ला क्लब | सांगितिक कार्यक्रम | ३००००० |
| २११।२०८१।८।६ | फ्याफुल्ला क्लब | दशै कार्यक्रम | ५०००० |
| २३३।२०८१।८।२५ | चन्द्र प्रसाद न्यौपाने | चन्द्रयुग प्रकाशन | १००००० |
| ३६२।२०८१।९।२४ | तिमिलिङ मिडिया हाउस प्रा.ली | सेलो विथ लाइभ ब्यान्ड कार्यक्रम | ६०००० |
| ५००।२०८१।१२।२२ | एम एम एस म्युजिक एण्ड इन्टरनेशनल प्रा.ली | एभरेष्ट टुरिज्म अवार्ड | ३५०००० |
| ३०४।२०८१।९।२२ | व्वौसे पारिलो तामाङ टोल विकास संस्था | कुर्सि टेवल वितरण | १९९७१८ |
| ६७७।२०८२।२।२ | ठाटीकुना तामाङटोल विकास समिति | क्याटरिङ सामाग्री | १४३८१८ |
| ७९४।२०८२।३।१८ | मच्छेटोल विकास संस्था | क्याटरिङ सामाग्री | २४६०८५ |
| ८१७।२०८२।३।१६ | नेपाली टोल पञ्चेबाजा उस | पञ्चेबाजा सामाग्री वितरण | ९९७७२ |
| ९१०।२०८२।३।२० | अदमारा खत्रीटोल | क्याटरिङ सामाग्री | १४५४९३ |
| ९३७।२०८२।३।२२ | पाँचकन्या सेतीदेवी गुठी समुह | क्याटरिङ सामाग्री | १४६९५६ |
| ९४२।२०८२।३।१८ | महिला शक्ति समाज | क्याटरिङ सामाग्री | १४९०६३ |
| ६४६।२०८२।१।१७ | सिन्धु सुकुटे पर्यटन व्यवसायी संघ | बिच भलिबल कार्यक्रम | ५०००० |
| जम्मा | | | २३४०९०५ |

१६ **अन्य निकायको खर्च**

स्थानीय सरकार सन्चालन ऐन २०७४ दफा ११ अनुसार गाउँपालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था गरी पालिकाले आफ्नो अधिकार क्षेत्रमा मात्र कार्य गर्नुपर्ने व्यवस्था छ ।नमुनाको रुपमा परिक्षण गर्दा पालिकाले आफ्नो क्षेत्र भन्दा बाहिर गई देहायका संघिय कार्यालय तथा अन्य संघ संस्थालाई रु.४२७११७ भुक्तानी गरेको देखियो ।यसरी आफ्नो कार्य क्षेत्र भन्दा माथि गएर अन्य निकायको कार्य क्षेत्रमा गरिएको खर्च नियम सम्मत नभएको रु.

| भौचर मिति | कार्यालयको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ११०।२०८१।६।२० | प्रहरी चौकि लामासाघु | मौला पुजा | १०००० |
| | प्रहरी चौकि जलविरे | मौला पुजा | १५००० |
| | प्रहरी चौकि वलेफि | मौला पुजा | १५००० |
| | प्रहरी चौकि अधेरी खाडिचौर | मौला पुजा | १०००० |
| १४७।२०८१।७।७ | प्रहरी चौकि लामासाघु | मोटरसाइकल मर्मत | १५००० |
| ५०२।२०८१।११।२८ | प्रहरी चौकि बलेफि | खानेपानी मर्मत | ३८७५२ |
| ५९०।२०८१।१२।२२ | सशस्त्र प्रहरी बल लामेसाँघु | गाडि मर्मत | ३६७९० |
| ६७८।२०८२।२।४ | प्रहरी चौकि जलविरे | इट्टा खरिद | २८९९५ |
| प्रहरि चौकि बलेफि लामोसाँघु ईलाका प्रहरी जलविरे ट्राफिक कार्यालय अँधेरी र सशस्त्र प्रहरी बल लामोसाघुमा वर्षभरिमा(पेट्रोल ७६०*१५८=१२००८० र डिजल २५०*१५०=३७५०० लि डिजल | | | १५७५८० |
| जम्मा | | | ३२७११७ |

| | |
|---|---|
| अनियमित भएको | ३,२७,११७ |

१७ **राजस्व व्यवस्थापन**

यसमा निम्न व्यहोरा देखिएका छन्।

१७.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आय शिर्षक | अनुमानित आय रु. | असुली रु. | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | १२३८५००० | १२८१६६२ | १०.३५ |
| २ | ११३१४ - भुमिकर/मालपोत | ८०००० | ० | ०.०० |
| ३ | ११३१७ - वहाल कर | १३५८००० | २११५०५० | १५५.७५ |
| ४ | ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ३००० | - |
| ५ | ११४७९ - अन्य मनोरञ्जन कर | ८५००० | ० | ०.०० |
| ६ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | १००० | - |
| ७ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ५ | - |
| ८ | ११६९१ - अन्य कर | ० | १४९९२० | - |
| ९ | १४१९१ - पर्यटन शुल्क | २५००० | ० | ०.०० |
| १० | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ० | ६००० | - |
| ११ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ० | १५०० | - |
| १२ | १४२२१ - न्यायिक दस्तूर | ५००० | ३५० | ७.०० |
| १३ | १४२२४ - परीक्षा शुल्क | ० | १४०० | - |
| १४ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | १३०४०० | - |
| १५ | १४२४१ - पार्किङ्ग शुल्क | १२००० | ० | ०.०० |
| १६ | १४२४२ - नक्सापास दस्तुर | ५०००० | ५५७२५ | १११.४५ |
| १७ | १४२४३ - सिफारिश दस्तुर | ४५०००० | ७११२३१ | १५८.०५ |
| १८ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | २२७००० | ११३.५० |
| १९ | १४२४५ - नाता प्रमाणित दस्तुर | ५००० | ३५० | ७.०० |
| २० | १४२४९ - अन्य दस्तुर | ० | ७१९०० | - |
| २१ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ६८१३ | - |
| २२ | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ७५००० | ३५६६१ | ४७.५५ |
| २३ | १४३१३ - धरौटी सदरस्याहा | २५००० | ० | ०.०० |
| २४ | १४५२९ - अन्य राजस्व | २७५००० | ५१७०१७ | १८८.०१ |
| २५ | १४६११ - व्यवसाय कर | ८७५००० | ६८६९४१ | ७८.५१ |
| २६ | १५१११ - बेरूजू | २५००० | ५७६४४१ | २३०५.७६ |
| | जम्मा | १५९३०००० | ६५७९३६७ | ४१.३० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।साथै पालिकाको असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक राखेको पाइएन ।

१७.२ **राजस्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाई कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प फा नं २१३ को राजश्व अम्दानि, बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । नियमानुसार खाता तयार गरी राजस्व श्रेस्ता तयार गर्नुपर्दछ ।

१७.३ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुम ानमा आन्तरिक आयतर्फ अनुमानित रु.१ करोड ५९ लाख ३० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु ६५ लाख ७९ हजार प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । सवारी, मनोरञ्जन तथा व्यवसाय कर सम्बन्धमा निम्नानुसार देखिन्छ ।

(क) **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन शुन्य रहेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**(ख) मनोरञ्जन कर :**स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ६४ बमोजिम सिनेमा,भिडियो हल,सांस्कृतिक प्रदर्शन हल,संगित,थियटर,मनोरञ्जनप्रदर्शन स्थल ,ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।०८२ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

१७.४ **राजश्व दाखिलामा जरीवाना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन । पालिकाले समयमा दाखिला नगर्नेलाइ कानून अनुसार जिम्मेवार बनाउनु पर्दछ ।

१७.५ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा संघ र प्रदेश सरकारबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| संघ र प्रदेश सरकारबाट प्राप्त रकम | आन्तरिक आय रु | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७६६३७३७७ | ६५७९३६७ | १.३८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१८ **आय ठेक्का**

पालिका क्षेत्रमा पर्ने सुनकोशी र ब्रम्हायणी खोलाको IEE प्रतिवेदन अनुसार १०३८० घ.मि. नदिजन्य पदार्थ उत्खनन गर्न सकिनेमा कार्यपालिकाको २०८१।३।७ को निर्णयअनुसार स्थानीय राजस्व परामर्श समितिको २०८१।३।३ को बैठकको सिफारिस बमोजिम ब्रम्हायणी खोलामा न्यून परिमाणमा मात्र नदीजन्य पदार्थ उत्खनन गर्न सकिने र विगत वर्षमा समेत सो क्षेत्रबाट मात्र IEE प्रतिवेदनमा उल्लेख भए अनुसारको परिमाणमा नदीजन्य पदार्थ संकलन गर्ने निर्णय गरी प्रथम र दोस्रो पटक सूचना आह्वान गर्दा कुनैपनि वोलपत्र पेश नभएको र तेस्रो पटक २०८१।६।२ को सूचनाबाट ब्रम्हायणी खोलाबाट उत्खनन गर्न सकिने परिमाण ९७५ घ.मि. घटाई ९४०८ घ.मि. का लागि रु.२३२३३९९ (मु.अ.कर बाहेक) को न्यूनतम ठेक्का अंक कायम गरी बोलपत्र आह्वान गरेकमा सबैभन्दा बढी मुल्य कवोल गर्ने आय ठेकेदार कम्पनी श्री श्रेष्ठ कन्स्ट्रक्सन सँग रु. २६२६००० मा सम्झौता गरेको देखिन्छ । पालिकाले २०८१।४।१ देखि २०८१।७।५ सम्म ४८१.२१ घ.मि अमानतबाट संकलन गरी रु. १३४२९० राजस्व संकलन गरेकोमा ४८१.२१ घ.मि घटाई ८९२६.७९ घ.मि उत्खनन गर्न निर्माण व्यवसायीसँग रु. २४९१७९० (मु.अ.कर सहित) मा सम्झौता गरी रु. ९४०६.४६ घ.मि संकलन गरी को रु. २४९१७१० राजस्व दाखिला गरेको देखिन्छ । यस सम्बन्धी अन्य व्यहोरा देहायबमोजिम रहेका छन् ।

१८.१ ढुंगा, गिट्टि, वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन मापदण्ड, २०७७ को दफा ७ मा भएको व्यवस्था अनुसार सम्बन्धित गाउँपालिकाले उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन र संकलन हुन नदिन नियमित अनुगमन गर्ने, घाटगद्दी गर्न स्थान तोकिदिने, उत्खननयोग्य परिमाणभन्दा वढी परिमाण उत्खनन् वा संकलन भएमा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन् वा संकलन कार्य बन्द गर्न निर्देशन दिने, बढी परिमाण संकलन तथा उत्खनन् गरेमा जफत गरी लिलाम विक्रि गर्ने, सम्बन्धित निकायले नापँचाज नगरी ती वस्तुहरु लैजान नपाउने व्यवस्था गर्ने उल्लेख भएकोमा पालिकाले उक्त व्यवस्थाको पालना गरेको दखिएन ।

१८.२ **घटी परिमाणमा ठेक्का आह्वान** : पालिकाले सुनकोशी र ब्रम्हामणी खोलाको IEE प्रतिवेदन अनुसार १०३८० घ.मि. नदिजन्य पदार्थ उत्खनन गर्न सकिनेमा कार्यपालिकाको २०८१।३।७ को निर्णयअनुसार स्थानीय राजस्व परामर्श समितिको २०८१।३।३ को बैठकको सिफारिस बमोजिम ब्रम्हायणी खोलामा न्यून परिमाणमा मात्र नदीजन्य पदार्थ उत्खनन गर्न सकिने र विगत वर्षमा समेत सो क्षत्रेबाट मात्र IEE प्रतिवेदनमा उल्लेख भए अनुसारको परिणाममा नदीजन्य पदार्थ संकलन गर्ने निर्णयबाट ब्राह्मणी खोलाबाट उत्खनन गर्न सकिने परिमाण ९७५ घ.मि. घटाई ९४०८ घ.मि. का लागि रु.२३२३३९९ (मु.अ.कर बाहेक) को न्यूनतम ठेक्का अंक कायम गरी बोलपत्र आह्वान गरेको देखिएकोले IEE प्रतिवेदनमा उल्लेख भएबमोजिमको परिमाण ९७५ घ.मि को जम्मा रु. २४०७८६ घटाई ठेक्का आह्वान गर्नु नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४०,७८६ |

१८.३ **ठेक्काकोमूल्यअभिवृद्धिकर**- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ ।मु.अ.कर पालिकाको नाममा दायित्व हुने र बेदर्तावालबाट संकलन गरि राजश्व शीर्षक नं. ३३३१७ को खातामा दाखिला गर्नुपर्नेमा पालिकाले आय ठेक्का वापतको मूल्य अभिवृद्धि कर रु. २८६५९३ राजश्व शिर्षक नम्बर ३३३१४ मा दाखिला गरेको देखिएकोले राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८६,५९३ |

१८.४ **घटी मु.अ.कर**. : - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले अमानतबाट संकलन गरेको रु. १३४२९० को मूल्य अभिवृद्धि कर रु. १७४५८ दाखिला नगरेकोले राजस्व शिर्षक नं.३३११७ मा उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,४५८ |

१९ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । कार्यालयले यो वर्ष कन्टिन्जेन्सी तर्फ रु. १९ लाख ७० हजार खर्च गरेको विवरण पेश गरेको छ । पालिकाले गरेको कन्टिन्जेन्सी खर्चको विवरण खर्च शिर्षक अनुसार राख्नुपर्नेमा सो अनुसार कुन खर्च शिर्षक वा कुन कार्यमा कति खर्च भएको हो भन्न अवस्था छैन । पालिकाले विभिन्न बजेट शिर्षकमा कन्टिन्जेन्सी खर्च गर्दा अभिलेख नराखेकोले तोकिएको भन्दा बढी समेत हुन सक्ने देखिन्छ । कन्टिन्जेन्सी खर्च विवरण नराखी अव्यवस्थित रुपले खर्च गरेकोमा कार्यालयले बजेट प्रतिफल प्राप्त नहुने किसिमले खर्च गरेकोमा खर्च गर्ने सम्बन्धित नै जिम्मेवार हुनुपर्दछ । चालु प्रकृतिका कार्यहरु चालु शिर्षकमा बजेट व्यवस्था भएकोमा कन्टिन्जेन्सी तर्फ चालु खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। तसर्थ सम्बन्धि निकायले यसको कार्यविधि बनाई खर्च गर्ने गराउने तथा आन्तरिक नियन्त्रण गरी मितव्यियता कायम हुने गरी मात्र खर्च गर्नुपर्दछ ।

२० **गृहणी महिला सशक्तिकरण कार्यक्रम**

प्रदेश भित्र स्थायी रूपमा वसोबास गर्ने गृहिणी महिलाहरूको सशक्तीकरणका लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक स्वरोजगार एवम् आत्मनिर्भर बनाउन सहयोग गर्ने उदेश्यले सञ्चालन हुने गृहिणी महिला सशक्तीकरण कार्यक्रमलाई सरल, सहज र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले, प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० तर्जुमा गरेको छ। कार्यविधी को दफा ६ (१) मा तालिम सञ्चालन गर्दा कम्तिमा १५ दिन देखि ३ महिना सम्म को हुने उल्लेख गरेको छ। पालिकाले कार्यक्रम संचालन गर्दा संघीय तथा स्थानीय स्तरका कार्यक्रममा दोहोरो नपर्ने गरी कार्यविधि र सम्झौता बमोजिम सहभागी छनौट गरी बढिभन्दा बढी दिन सहभागीले तालिममा सहभागी भई उद्यमशीलता, स्वावलम्बन र सीपमूलक स्वरोजगार एवम् आत्मनिर्भर बनाउन सहयोग गर्ने उदेश्यले कार्यक्रम छनौट गरी सञ्चालन गर्नुपर्दछ। पालिकाले यस वर्ष देहाय अनुसारका तालिम संचालन गरेको छ।

| सि.न. | वडा | तालिमको प्रकार | भएको दिन | सहभागी | खर्च रु. |
|---|---|---|---|---|---|
| १ | ३ | सिलाई कटाइ तालिम | १ महिना | २० | ३४६५७५ |
| २ | ७ | अचार बनाउने तालिम | १५ दिन | २८ | ३९५६४५ |
| ३ | २ | मुडा बनाउने तालिम | १ महिना | २२ | २००००० |
| ४ | ६ | बाटे धुप बनाउने तालिम | १५ दिन | २३ | २७९१०० |
| ५ | ८ | मौरी पालन | १५ दिन | २० | १६३९०० |
| ६ | ५ | ब्युटीपालन तालिम | १ महिना | २२ | ३५३३९० |

२१ **खर्च मितव्ययिता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मितव्ययी तवरले गर्नुपर्नेमा पालिकाले निम्नानुसार खर्च लेखेकोमा देखिएका व्यहोरा देहायानुसार छन् ।

२१.१ **अनुगमन तथा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष भ्रमण तथा अनुगमन मुल्याङ्कन कार्यमा रु. १८ लाख ५० हजार खर्च गरेको देखिन्छ । भ्रमण प्रतिबेदन संलग्न गरेपनि भ्रमणबाट निर्धारित उद्देश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार समेत देखिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चलाई उद्देश्यमुलक बनाउनु पर्दछ ।

२१.२ **इन्धन खर्चः** कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्दछ । पालिकामा चार पाङ्ग्रे सवारी साधन २ वटा, मोटरसाइकल २५ वटा रहेकामा यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.२९ लाख ९७ हजार भुक्तानी गरेको छ । एम्बुलन्स तर्फ प्राप्त आम्दानिको विवरण माग गरेकोमा पालिकाले उपलब्ध गराएको छैन । कार्यालयले सवारी साधनको प्रकृति अनुसार इन्धन न्यूनतम कोटा निर्धारण गरी खर्च मितव्ययि गर्नेतर्फ ध्यान दिनुपर्दछ। महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा कार्यालयले प्रविष्टी गरेको पाईएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मार्फत मात्र ईन्धन खर्चलाई मापदण्डमा आधारित र व्यवस्थित गर्नुपर्दछ ।

२१.३ **सवारी मर्मत खर्च** - बाग्मती प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । पालिकामा पालिकामा चार पाङ्ग्रे सवारी साधन २ वटा, मोटरसाइकल २५ वटा रहेकोमा यो वर्ष सवारी मर्मत शिर्षकमा रु. २१ लाख ८७ हजार खर्च गरेको देखिन्छ । पालिकाले सवारी साधन मर्मत ईन्धन खपतको व्यहोरा खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्नेमा समय क्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी राखेको पाइएन । पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । पालिकाले मर्मत खर्च लेख्दा प्रतिस्पर्धात्मक विधिबाट आवश्यक योजना तयार गरी सुचीकृत र प्रतिस्पर्धी सेवा प्रदायकबाट प्रस्ताव माग गरी मितव्ययिता अपनाउनु पर्दछ।

२१.४ **पत्रपत्रिका छपाईः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने उल्लेख छ। पालिकाले बोलपत्रको सूचना, जनचेतना, शुभकामना, अनुरोध लगायतका विभिन्न सन्देशमूलक सामग्री प्रकाशनका लागि विभिन्न मिडिया फर्मलाई पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शिर्षकबाट रू. ८ लाख १७ हजार खर्च गरेको छ । सूचना लगायतका सामग्री प्रकाशनका लागि दररेट लिई प्रतिस्पर्धात्मक तवरले आकर्षक छुट मार्फत आवश्यकता र औचित्यको आधारमा छपाई र मिडियाको खर्च लेख्नु पर्नेमा आवश्यकता पुष्टि नगरी सोझै पटक पटक भुक्तानी गरेकोले यसरी खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

२१.५ **मसलन्द तथा कार्यालय सामाग्री खरिद :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ ।पालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को दफा ९५ मा १० लाख रुपैयाँ सम्म लागत अनुमान भएको खरिद कार्य प्रमुख प्रशासकीय अधिकृतको निर्णयले सोझै खरिद गर्न सकिने व्यवस्था रहेको देखिन्छ । पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिस्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा कार्यालयले यो वर्ष समेत प्रतिस्पर्धा नगराई मसलन्द तथा कार्यालय समाग्री खरिद गरी रु. २० लाख ३२ हजार खर्च गरेको छ । यसरी प्याकेज नगरी पटक पटक सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुन गएको र मुल्य समेत अनियन्त्रित हुने अवस्थामा रहेकोले खरिद गर्दा प्याकेजिङ्ग गरी प्रतिस्पर्धात्मक विधि अपनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२२ **अनुगमन भत्ता सम्बन्धमा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को ३ (क) मा पदाधिकारीले पाउने सुविध सम्बन्धि व्यवस्था गरेको छ । सो ऐनमा गोष्ठी, तालिम तथा कार्यक्रम तथा निर्माण कार्यको अनुगमन गरेवापत अनुगमन भत्ता पाउने देखिँदैन । साथै अर्थ मन्त्रालयले जारी गरेको कार्य सञ्चालन निर्देशिका २०८१ मा तालिम गोष्ठि सेमिनार तथा सिप मुलक तालिमको अनुगमन भत्ता पाउने उल्लेख गरेको छैन। भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उप नियम (३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउमा एकै दिन गई फर्कने सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च र

दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च पाउने उल्लेख छ ।पालिकाले देहायका विभन्न सिपमुलक तालिम तथा शिविरमा अनुगमन गरेको भनी अनुगमन भत्ता भुक्तानी दिएको छ। वास्तविक जानुपर्ने काम भए दैनिक भ्रमण भत्ता बाट खर्च लेख्नुपर्नेमा अनुगमन भत्ता बाट खर्च लेखेको रु.९४०१० नियमसम्मत नदेखिएको रु.

| भौचर नम्बर मिति | पद | कार्यक्रमको नाम | कार्यक्रम संचालन समय | अनुगमन गरेको दिन | कर बाहेक भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ७८८।२०८२।३।६ | अध्यक्ष उपाध्यक्ष सहित १२ जना | अपाङ्गता पहिचान तथा पुनरस्थापना सम्बन्धी १ दिने घुम्ती शिविर | २०८२।१।११ | १ | १५३०० |
| २३।२०८२।३।१२ | अध्यक्ष उपाध्यक्ष सहित ५ जना | १५ दिने बाटेधुप तालिम | २०८२।१।१२-२।२६ | २ | ८५०० |
| ३०।२०८२।३।२१ | अध्यक्ष उपाध्यक्ष सहित ६ जना | १ महिने ब्युट्रीपालन तालिम | २०८२।१।२३-२।२३ | ३ | १४४५० |
| ९२२।२०८२।३।२१ | अध्यक्ष उपाध्यक्ष सहित ६ जना | १ महिने सिलाई कटाई तालिम | २०८२।१।३१-२।३१ | ३ | १५३०० |
| ९२३।२०८२।३।२१ | अध्यक्ष उपाध्यक्ष सहित ६ जना | मुडा बनाउने तालिम | २०८२।१।२२-२।२२ | ३ | १३६०० |
| १८।२०८२।३।३ | प्र प्र अ सहित १२ जना | अचार बनाउने तालिम | २०८२।१।३-१।१७ | १ देखि ३ | २६८६० |
| जम्मा | | | | | ९४०१० |

| अनियमित भएको | ९४,०१० |
|---|---|

२३ **खरिद आदेश बिना मालसामान खरिद**

८०४।२०८२।३।११ सार्वजनिक खरिद नियमावली २०६५ को नियम ४ मा अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना कसैले कुनै खरिद गर्न गराउन नहुने तथा नियम ५ मा मालसामान खरिद सम्बन्धी कारबाहि शुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद इकाईले महाशाखा, शाखाबाट खरिद माग प्राप्त गरी सो माग अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ। पालिकाले वडा नम्बर ३ ले युनिक टेलरिङ्ग सेन्टरबाट ३०७ जोडा ट्र्याकसुट र ज्याकेट खरिद गरी रु. ४००००० भुक्तानी दिएको देखिन्छ। लेखापरिक्षणको क्रममा श्रेस्ता परिक्षण गर्दा कार्यालयले खरिद आदेश मिति २०८१।९।१९ मा दिएको र मालसामानको जिन्सि दाखिला मिति २०८२।३।५ मा गरेकोमा वडा नम्बर ३ ले उक्त सामाग्री विद्यार्थीलाई मिति २०८१।९।१८ मा वितरण गरेको भरपाई पेश भएकोले नियमावलीमा व्यवस्था बमोजिम खरिद आदेश स्वीकृत नगरी मालसामान खरिद गरि वितरण गरेको भरपाई पेश गरेको आधारमा खर्च लेखेको रु.४,००,०००।- अनियमित देखिएको रु.

| अनियमित भएको | ४,००,००० |
|---|---|

२४ **भरपाई पेस नभएको**

८२३।२०८२।३।१२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले १८*२४ वर्ग फिट , ८ देखि ८.५ किलोका १५८ पिस त्रिपाल खरिद गरी ट्रेड ग्यास कम्पनि प्रा.ली लाई रु.६,९०,९४९।- भुक्तानी दिएकोमा उक्त त्रिपाल वितरण तथा मौज्दातको अवस्था एकिन गरी सोको प्रमाण पेस हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ६,९०,९४९ |
|---|---|

२५ **उपभोक्ता समिति तर्फ**

२५.१ **उपभोक्ता समिति मार्फत कार्य :**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले बाटो निर्माण, भवन निर्माणजस्ता कार्य उपभोक्ता समिति मार्फत गराई निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र योजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको विबरण अनुसार संघीय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको उपभोक्ता समितिहरुसंग सम्झौता गरी२३२ योजनाहरुमा यो वर्ष जम्मा रु. ७ करोड १ लाख ३ हजार बजेट भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सो सँग सम्बन्धित फाइल र श्रेस्ता परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

(क) **अनुगमन समितिः**पालिकाको उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमनप्रतिवेदनमा उक्त विषयहरु उल्लेख गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

(ख) **समिति सदस्यता :** पालिकाको उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाको सम्मझौता सम्बन्धी शर्तमा बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रक्रिया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

**(ग) सार्वजनिक परिक्षण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहीवनाउन सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, सामुदायिक भवनहरु बनाउने, मस्जिद मन्दिरनिर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यकोसार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको यकिन हुन सकिएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

२५.२ **उपभोक्ता समिति दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न २३२ योजनामा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति नियमको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन

तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

२५.३ **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार उपभोक्ता समितिमार्फत यो बर्ष सडक निर्माण तथा मर्मत, खानेपानी आयोजना, सामुदायिक भवन लगायतका रु. ७ करोड १ लाख ३ हजार हजारका २३२ वटा योजना उपभोक्ता समितिमार्फत गराएकोमा योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२५.४ **पाइपको बढी फ्याक्टरको प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यमा आईटम अनुसार प्रत्येक आईटमको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले विभिन्न निर्माण कार्यमा तथा सोझै खरिदको माध्यमबाट पाइप खरिद गरेकोमा नेपाल गुणस्तर तथा नापतौल विभागको PE-100 HDPE Pipe NS 40-2079 को आधार लिई फ्याक्टर निर्धारण गर्नुपर्नेमा फरक फ्याक्टरको प्रयोग गर्दा विभिन्न साइजको पाइपमा बढी दरमा खरिद भई भुक्तानी भएको रु. ३२१८८३ नियमसम्मत नदेखिएको रु.

| भौ.नं. | योजना | साइज | परिमाण | प्रयोग भएकोप्रति मिटर तौल | प्रयोग हुनुपर्नेप्रति मिटर तौल | भुक्तानी भएको दर | भुक्तानीहुनुपर्ने दर | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|---|
| २१५। २०८२।१२। १२ | रोक्का टोलखानेपानी निर्माण | PN १० ३२ mm | २०० | ०.२८ | ०.२१ | ८३.७२ | ७०.९५ | २५५३ |
| | | PN १६ २० mm | ३१३० | ०.१६ | ०.१२ | ४७.८४ | ४०.५४ | २२८३५ |
| 2२१८। २०८२।२। १४ | फाटँबस्ती सिचाई | PN ६ ९० mm | १९० | १.४० | १.०४ | ४१८.६० | ३५१.३८ | १२७७१ |
| २२८। २०८२।२। २० | सिंगारबारी अधुरो सिचाई | PN १० ६३ mm | २०० | १.१० | ०.८१ | ३२८.९० | २७३.३४ | ११११३ |
| २५०। २०८२।२। २८ | तल्लोबेतेचाँपडाँडा सिचाई निर्माण | PN १० १०० mm | १९७ | ३.२० | २.४४ | ९५६.८० | ८२३.३९ | २६२८२ |
| २७४। २०८२।३।५ | टारी खेतसिचाई खड्काटोल अदमार | PN ६ ७५ mm | ४५० | ०.९० | ०.७४ | २६९.१० | २५०.०२ | ८५८४ |
| २७६। २०८२।३।५ | कुलामुनीपोखरेफाट खाडीचौर योजना | PN १० ७५ mm | १५० | १.५० | १.१५ | ४४८.५० | ३८८.५५ | ८९९२ |
| १६७। २०८२।१।८ | नयाँबिसौनी खानेपानी निर्माण | PN १६ २० mm | ११०० | ०.१६ | ०.१२ | ४७.८४ | ४०.५४ | ८०२५ |
| १७६। २०८२।१। १६ | सुवेदीटोलतल्लो पोखरे खानेपानी | PN १६ ३२ mm | १००० | ०.३९ | ०.३१ | ११६.६१ | १०४.४० | १२२०८ |
| ७३।२०८१। ११।११ | विष्टेश्वारासिचाई पाईप खरिद | PN १० ५० mm | ७०० | ०.६८ | ०.५१ | २०३.३२ | १७०.९६ | २२६५० |
| २९०। २०८२।३।८ | चिहानडाँडाखानेपानी निर्माण | PN १० ५० mm | ४९० | ०.६८ | ०.५१ | २०३.३२ | १७०.९६ | १५८५५ |
| | | PN १० ४० mm | २३० | ०.४४ | ०.३३ | १३१.५६ | ११०.८२ | ४७७० |
| | | PN १० ३२ mm | ७७० | ०.२८ | ०.२१ | ८३.७२ | ७०.९५ | ९८३१ |
| | | PN १६ २५ mm | ५०० | ०.२४ | ०.२० | ७१.७६ | ६६.९० | २४३१ |
| | | PN १६ २० mm | ६२९१ | ०.१६ | ०.१२ | ४७.८४ | ४०.५४ | ४५८९७ |
| ६।२०८१। ११।८ | प्रिन्सासप्लायर्स | PN १६ २० MM १६०० m | १६०० | ०.१६ | ०.१२ | ४७.८४ | ४०.५४ | ११६७३ |
| | | PN १६ २५ MM ३८०० m | ३२०० | ०.२४ | ०.२० | ७१.७६ | ६६.९० | १५५५८ |
| | | PN १० ३२ MM २३०० m | २३०० | ०.२८ | ०.२१ | ८३.७२ | ७०.९५ | २९३६५ |
| | | PN १० ४० | १५५० | ०.४४ | ०.३३ | १३१.५६ | ११०.८२ | ३२१४५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | MM १५५० m | | | | | | |
| | | PN ६ ५० MM ४५० m | ४५० | ०.४५ | ०.३२ | १३४.५५ | १०९.४७ | ११२८६ |
| | | PN ६ ६३ MM २०० m | २०० | ०.७० | ०.५२ | २०९.३० | १७४.०० | ७०५९ |
| | जम्मा | | | | | | | ३२१८८3 |

| | |
|---|---|
| अनियमित भएको | ३,२१,८८३ |

## २५.५ बढी दरमा भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा आईटम अनुसार प्रत्येक आईटमको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समितिलाई विभिन्न आईटमको दर विश्लेषणमा तोकिएको दर भन्दा बदी दरमा भुक्तानी गरेको देखियो । यसरी बढी दरले भुक्तानी भएका देहायबमोजिम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| भौ.नं. | योजना | आइटम | परिमाण | भुक्तानीभएको दर रु. | भुक्तानीहुनुपर्ने दर रु. | बढीभुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| ३००।२०८२।३।११ | बोक्सेखोलाअर्चले सिचाई | PCC १:३:६ | ११.५८ | ११५१७ | ९१२३ | २७७२३ |
| ३११।२०८२।३।१२ | रोक्काटोलपेटी वाल निर्माण | Stone masonry १:४ | १९.८६ | ११७०० | १०१४४ | ३०८९६ |
| ३३९।२०८२।३।१६ | कमेरेपानीसिचाई आयोजना | RCC M २० | ७.०२ | १३९१८ | ११८९४ | १४२०९ |
| २६७।२०८२।३।२ | खराने सिचाई ट्यांकी | RCC M २० | ३.४६ | १६६८३ | ११८९४ | १६५७२ |
| | | Reinforcement | २८०.०० | १७२ | १४० | ८९६८ |
| | जम्मा | | | | | ९८३६८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९८,३६८ |

२५.६ **निर्माण व्यवसायी मार्फत कार्य गराएको :**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग मार्फत काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको जे.सि.वि विल राखी भुक्तानी लिने गरेको देखियो । नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि सम्झौता गरी भुक्तानी भएकोले यस्तो खर्च नियमसंगत नेखिएको रु.

| भौ.नं. | योजना | सम्झौतारु. | कार्यसम्पन्नरु. | उ.स.लाई भुक्तानी रु. | निर्माणव्यवसयी | बिलरकम रु |
|---|---|---|---|---|---|---|
| २२२।२०८२।२।१९ | वडा कार्यालय फुल्पिङ्कोट सडक निर्माण | ४४०१४८ | ४४०१५५ | ३८४००० | प्रतिक प्रकृति बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | ४४०७०० |
| १९८।२०८२।२।५ | खहरे टाउके सडक निर्माण | २१३६०९ | २१६३५७ | १९२००० | श्रेष्ठ कन्स्ट्रसन | २२२७९० |
| ५०।२०८१।१०।९ | धन्सार अधेरी सडक बाटो निर्माण | ११०११४ | १११६११ | ९६००० | घुम्ताङ्ग निर्माण कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | १११३७४ |
| २।२०८१।४।२७ | गुम्बाडाँडा फुटबल मैदान निर्माण | ६४८५२३ | ६५४०९० | ५७६००० | मिङ्गा सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि | ५३७२१३ |
| | जम्मा | | | १२४८००० | | |

| | |
|---|---|
| अनियमित भएको | १२,४८,००० |

२५.७ **खानेपानी आयोजनाको बिल भुक्तानीः**

स्थानीयसरकारसञ्चालनऐन,
२०७४कोदफा७६अनुसारस्थानियतहकोबजेटतर्जुमागर्दास्थानीयतहकोकार्यक्षेत्रभित्रपूर्वाधारविकासतथादीर्घकालीनपुजीनिर्माणहुनेकार्यमा
उल्लेख छ। पालिकाले यस वर्ष घारथान खोला करङ्गैरा डाडागाउँ कोले लिफ्टिङ्ग आयोजनाको विद्युत महशुल भुक्तानीको लागि नेपाल विद्युत प्राधिकरणलाई गो.भौ.नं. १७७।२०८१।१।१७ बाट रु. २००००० भुक्तानी गरको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयसँग योजना सम्झौता गर्दा उपभोक्ता समितिले लागत सहभागिता जनाउने र संचालन एवं मर्मत सम्भार आफै गर्ने प्रतिवद्धता जनाएको पाइन्छ । यस्तो अवस्थामा खानेपानी संचालन गरेको योजनाहरुको हस्तान्तरण पछी उपभोक्ताबाट संचालनको लागि महसुल लिई व्यवस्थित गर्नुपर्नेमा यस्तो प्रवृत्तिको खर्च समेत पालिकाले व्यहोरी दीर्घकालिन दायित्व लिई खानेपानी उपभोक्ता समितिकोविद्युत विलको रकम भुक्तानीका लागि खर्च गरेको उपयुक्त नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२५.८ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोल,र ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था विपरित उपभोक्ता समितिबाट हेभी इक्विपमेन्ट प्रयोग गरेको उपयुक्त देखिएन । केही उदाहरणहरु देहायबमोजम छन ।

| भौ.नं. | योजना | सम्झौता रु. | कार्यसम्पन्न रु. | उ.स. लाई भुक्तानी रु. |
|---|---|---|---|---|
| २२२।२०८२।२।१९ | वडा कार्यालय फुल्पिङ्कोट सडक निर्माण | ४४०१४८ | ४४०१५५ | ३८४००० |
| १९८।२०८२।२।५ | खहरे टाउके सडक निर्माण | २१३६०९ | २१६३५७ | १९२००० |
| ५०।२०८१।१०।९ | धन्सार अधेरी सडक बाटो निर्माण | ११०११४ | १११६११ | ९६००० |
| २।२०८१।४।२७ | गुम्बाडाँडा फुटबल मैदान निर्माण | ६४८५२३ | ६५४०९० | ५७६००० |
| | जम्मा | | | १२४८००० |

२५.९ **पाइप खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमको पाइप खरिद गरी भुक्तानी गरेको देखिएकोलेखरिद भएको पाइपकुन ठाउँमा उपयोग भएको देखिने गरी विस्तृत जडान सहितको प्राविधिक मूल्यांकनपेश नभएकोले खरिद मालसामान प्रयोग भएको, वितरण भएको एवं त्यसवाट लक्षित व्यक्तिलाई फाइदा पुगेको अनुगमन प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. | आपुर्तिकर्ता | पाइपकोविवरण | भुक्तानी रु |
|---|---|---|---|
| ६।२०८१।११।८ | प्रिन्सा सप्लायर्स | PN १६ २० MM १६०० m | ९५२७७४ |
| | | PN १६ २५ MM ३८०० m | |
| | | PN १० ३२ MM २३०० m | |
| | | PN १० ४० MM १५५० m | |
| | | PN ६ ५० MM ४५० m | |
| | | PN ६ ६३ MM २०० m | |
| जम्मा | | | ९५२७७४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५२,७७४ |

२५.१० **घटीमा कार्यसम्पन्न :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न गरेको निर्माण कार्य स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको हुनुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिसंग सम्झौता गरेकोमा सम्झौता भन्दा उल्लेख्य घटीमा निर्माण कार्य गरेको अवस्थामा समेत कार्यसम्पन्न तयार गरेको देखिएकोले यस सम्बन्धमा कार्यसम्पन्न तयार गर्ने तथा समयमा काम सम्पन्न नगर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाउनुपर्दछ । साथै पालिकाले प्रथम वा दोश्रो त्रैमासिक मै सम्झौता गरी समयमा नै सम्झौता अनुसार कार्य पूरा गराएर मात्र कार्यसम्पन्न तयार गरी भुक्तानी दिनुपर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् ।

| क्र.सं. | योजना | सम्झौता रु. | कार्यसम्पन्न रु. | भुक्तानी रु. |
|---|---|---|---|---|
| १ | टोप्काको सेरोफेरो सिंढी बाटो निर्माण | २१८३१ | १८४७४३ | १६२९१२ |
| २ | कालापानी अदमारा खानेपानी | १७९४४४ | १०२२४५१ | ८९४३२३ |
| ३ | देवीको मन्दिर निर्माण लामाटोल | ३९७४९ | २५६००५ | २२४९५७ |
| ४ | बर्दपा तेश्रो टोल आम्बोटे सडक | २१५७३ | १२०७३६ | ९९२६७ |
| ५ | खोलेखेत कृषी सडक | १०८५२ | ८८६९९ | ७७८४७ |
| ६ | वेते मच्छेपुछार सडक मर्मत | १८४४९० | १२४१३०४ | १०५६८१५ |

२५.११ **सामुदायिक भवन निर्माण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राही समुहले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ ।त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसंग भवन तथा अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना निर्माण हुने निर्माण स्थलको जग्गाको स्वामित्व सरकारी तथा सार्वजनिक भएको सम्बन्धमा यकिन गरेको देखिएन । देहायबमोजिमका भवन निर्माण स्थलको स्वामित्व सम्बन्धमा कागजात माग गर्दा प्रमाण पेश भएन । पालिकाबाट नक्सा पारित नगरी भवन निर्माण हुँदा ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नहुनुको साथै भवन

निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । नियममा भएको व्यवस्थाको कार्यान्वयन गरी पालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्ने तथा पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसंग समन्वय गरेर मात्र निर्माण कार्यको सम्झौता गर्नुपर्दछ ।

| क्र.सं. | योजना | लागत अनुमान रु. | सम्झौता रु. | कार्यसम्पन्न रु. | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | झोलुङ्गे सामुदायिक भवन निर्माण | ४४२७६० | ४४२७६० | ४४३२०८ | ३८४००० |
| २ | साइथोक सामुदायिक भवन निर्माण | ४५५५२४ | ४५५५२४ | ४६०३८८ | ३८४००० |
| ३ | कोइराला गाउँ सामुदायिक भवन निर्माण | २२०७६० | २२०७६० | २२१०७३ | १९२००० |
| ४ | अगिनडाँडा सामुदायिक भवन निर्माण | १०७१८१ | १०७१८१ | १०८९६० | ९६००० |
| ५ | गुर्दुम सामुदायिक भवन ट्रस निर्माण | ३८८३७८ | ३८८३७८ | ४५७१११ | २८८००० |
| ६ | धरमपानी सामुदायिक वन भवन | १६६४४० | १६६४४० | १६१०६० | १३९३४५ |
| | | | | | १४८३३४५ |

२६ **उपभोक्ताबाट सरकारी निकायका संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राहीबाट गराउन सकिने र उक्त कार्यसम्पन्न पश्चात सोही समूहलाई जिम्मेवारी हुने गरी हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले गाउँपालिका प्रशासकीय भवनका लागि खानेपानीय आयोजना निर्माणको कार्यका लागि उपभोक्ता समितिबाट कार्य गराउन रु. ९९४२४६ मा सम्झौता गरेकोमा रु. १०००४३ को कार्यसम्पन्न गरी रु. ८३२०८० भुक्तानी गरेको देखिएकोले पालिकाले उपभोक्ताबाट सरकारी निकायका संरचना निर्माण गर्नु सार्वजनिक खरिद नियमावलीको प्रावधानको पालना नगरेको उचित नदेखिएको यस्तो खर्च नियसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,३२,०८० |

२७ **खरिद व्यवस्थापन**

यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

२७.१ **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावली, २०७९ तर्जुमा गरेकोमा उक्त नियमावली बमोजिम बार्षिक खरिद योजना नबनाई पुजीगत प्रकृतिको खरिद गरी रु. १६ करोड ९४ लाख खर्च गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२७.२ **खरिद कारवाही अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग

सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको देखियो । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

२७.३ **ठेक्का अभिलेख :** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२७.४ **खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा कार्यालयले खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसँग आवश्यकताअनुसार पोष्ट बिड कन्फ्रेन्स गर्नुपर्नेमा नगरेको, सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका पालना नगराएको, सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण नगराएको, निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन नगरेको र सम्झौता कार्यान्वयनको आवधिक प्रतिवेदन एक तहमाथिको अधिकारी समक्ष पेश गर्ने कार्य प्रभावकारी रूपमा कार्यान्वयन गरेको देखिएन । तसर्थ यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।

२७.५ **गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का तथा उपभोक्ता समिति मार्फत निर्माण गराएका योजनाहरुको दिगोपनाको लागि गुणस्तर परिक्षणको व्यवस्था हुनु पर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्री निर्माण कार्यको प्रयोगशाला परिक्षण गर्ने गराउने गरेको पाइएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ ।

२७.६ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एउटै वडामा एउटै प्याकेज वनाएर गर्नुपर्ने कार्य टुक्र्याएर लागत अनुमानको तलुनामा निकै कम प्रतिशतमा सम्झौता गरि सोझै खरिद गरेको पाइयो । यसरी खरिद ऐन र नियमावलीमा भएको व्यवस्था विपरित विभिन्न निर्माण कार्य प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी सोझै पटक पटक खरिद गर्ने कार्य नियमित नदेखिएको रु.

| भौ.नं. | योजना | निर्माण व्यवसायी | लागत अनुमान रु. | सम्झौता रु. | कार्यसम्पन्न रु. |
|---|---|---|---|---|---|
| ३५३।२०८२।३।१९ | खत्रीडाँडा रम्तेलटोल सडक निर्माण वडा नं.३ | डाईमण्ड कन्स्ट्रक्सन | १९२७६९ | १७३३३७ | १७३३६२ |
| २१२।२०८२।२।६ | छ्याङ् सिडाँडा बोगाङ्गडाँडा सठक निर्माण वडा नं.३ | गौचन इन्फ्राट्रक्टर प्रा.लि | ६७११६३ | ६०३९९६ | ६०४१०७ |
| १४५।२०८१।१२।२१ | जिराती स्वास्थ्य चौकी जाने बाटो ढलान वडा नं.३ | को मेहन्दो इन्फ्रास्क्रक्चर प्रा.लि | २९०२५३ | २५९१७१ | २८६३९९ |
| ७९।२०८१।११।१३ | बिसौनागाउँ घुम्सेङ् सडक निर्माण वडा नं. ३ | मिङ्मा सप्लायर्स एण्ड कन्स्ट्रक्सन | ५८००४३ | ५४९३८२ | ५६१९३६ |
| | जम्मा | | | १६२५८०४ | १६२५८०४ |

| | |
|---|---|
| अनियमित भएको | १६,२५,८०४ |

२७.७ **भिडियो डकुमेन्ट्री निर्माणः** सार्वजनिकखरिद नियमावलीको नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसमान, उपकारण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च, परामर्शदातले तालिम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गाउँपालिकाको हालसम्म गरेका विकास निर्माणहरु सम्बन्धी भिडियो डकुमेन्ट्रीनिर्माणका लागि गो.भौ.नं३७२।२०८१।३।२० बाट आर.एस. इन्टिग्रेटेड कन्सल्टेन्सी प्रा.लि लाई रु. ४९२६८० भुक्तानी गरेकोमा भिडियो निर्माण तथा प्रकाशनमा लाग्ने जनशक्ति पारिश्रमिक, आवश्यक उपकरण, मालसमान खर्च, कार्यालय खर्च, अनुवाद, छपाईखर्च, तालिम गोष्ठी लगायतका खर्च शीर्षक खुलाई लागत अनुमान तयार नगरीएकमुष्ट विनियोजित बजेट बराबरको मुल्यमा प्रस्ताव आह्वान गरेको देखिन्छ । साथै भिडियो निर्माणका लागि जनशक्तिकोMan Days, Field Work, Field Visit and Discussionजस्ता कार्य सहित कार्यालय प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी भुक्तानी दिनुपर्नेमा जनशक्तिको TIME Sheet वेगर भुक्तानी गर्नु सम्झौता विपिरत देखिएकोले सम्झौता अनुसारका जनशक्ति कर्मचारी फिल्डमा कार्य गरेको एकीन गर्न नसकिएकोले यस्तो खर्च लेख्दा सम्झौता बमोजिम जनशक्तिले कार्य गरेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ।

२८ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका निर्माण व्यवसायीलाईभुक्तानी गर्दानिर्माण कार्यको सम्झौता भन्दा बढी रकम भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | योजना | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता | कार्यसम्पन्न रु. | भुक्तानी हुनुपर्ने रु. | भुक्तानी भएको रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|---|
| ७९।२०८१। ११।१३ | बिसौनागाउँ घुम्सेङ् सडक निर्माण ३ | मिड्मा सप्लायर्स एण्ड कन्स्ट्रक्सन | ५८००४३ | ५४९३८२ | ५६१९३६ | ५४९३८२ | ५६१९३६ | १२५५४ |
| १४५। २०८१।१२। २१ | जिराती स्वास्थ्य चौकी जाने बटो ढलान कार्य | को म्हेन्दो इन्फ्रास्ट्रक्चर प्रा.लि. | ३००५२८ | २५९१७१ | २८६३९९ | २५९१७१ | २८६३९९ | २७२२८ |
| २४।२०८१। ८।१७ | वडा नं. ५ सडक सरसफाई | श्रेष्ठ कन्स्ट्रक्सन | ३७४८५८ | ३६२६६५ | ३६७३८४ | ३६२६६५ | ३६७३८४ | ४७१९ |
| | जम्मा | | | | | | | ४४५०१ |
| | | | | | | | असुल गर्नुपर्ने | ४४,५०१ |

२९ **ठेक्का अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र नियमावली, २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष ५ योजना बोलपत्र मार्फत सम्झौता गरी सञ्चालन गरेकोमा लागत अनुमानको तुलनामा न्यूनतम २५.७२ प्रतिशत देखि ४६.६० प्रतिशत सम्म घटी कबोल अंकमा ठेक्का सम्झौता भएको देखिन्छ । पालिकाले ठेक्का प्रक्रिया मार्फत सञ्चालन गरेका योजनाहरु देहायबमोजिम छन :

| क्र.सं. | ठेक्कानं | निर्माणव्यवसायी | कामकोबिबरण | लागतअनुमान रु. | सम्झौतारु. | कार्यसम्पन्नरु | घटीप्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | BRM/NCB-०३/२०८१-०८२ | बुवासेप्रथमा जे भी | कोठेविन्जेल धुस्कोट सडक निर्माण | ३००१३००१ | २२२९४३६९ | २४३९१८४९ | २५.७२ |
| २ | BRM/NCB-०८/२०८१-०८२ | कोमेहेन्दो निर्माण सेवा प्रा लि | गढिडाँडासंरक्षण तथा वुद्धपार्क निर्माण | ८९७८१२१ | ४८०५३६९ | ४७०५५४३ | ४६.४८ |
| ३ | BRM/NCB-०२/२०८१-०८२ | मिड्मा। पिपलडाँडाजे भी | खाडिचौरपुरानोगाउँ चिम्लिङ्ग सडक स्तरोउन्नती बलेफी ०७ | १९९९७०६७ | १३७८९९७६ | १५५५७५१८ | ३१.०४ |
| ४ | BRM/NCB-०१/२०८१-०८२ | भावनानिर्माण सेवा | जलविरेफुल्पिङ्गकोट धुस्कोट सडक स्तरोउन्नती बलेफी १ २ ३ | १९९७०१९८ | १०६६३५३१ | १०६२८१३५ | ४६.६० |
| ५ | BRM/NCB-०५/२०८१-०८२ | एरोनबुढाथोकी सिपाली जे भी | थारथानखोला मेलडाँडा खानेपानी वडा नं ४ | ७९२०७६३ | ५३२३४१९ | ५८०५१६० | ३२.७९ |
| | | जम्मा | | | | ६१०८८२०६ | |

३० **जिन्सी दाखिला**

३३।२०८२।३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तीले आफ्नो जिम्मामा आएको सरकारी मालसामान जिन्सीमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले अपाङ्गता भएको व्यक्तिरुका लागि समुदायमा आधारित पुनस्थार्पन सहयोग कार्यक्रम अन्तर्गत बलेफी एकीकृत अपाङ समाजका लागी SWAN INTERNATIONAL PVT.LTD. बाट देहायका सामाग्रीहरुको खरिद गरी रु.२११००० खर्च लेखेको छ।अतः पालिकाले उक्त सामाग्रीको जिन्सी आम्दानी नबाधेकोले हुदाँ दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | सामाग्री विवरण | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| १ | DELUXE WHEEL CHAIR | ५ | ३७८०० | १८९००० |
| २ | CRUTCHES ALMUNIUM | २ | ४२५० | ८५०० |
| ३ | COMFORT MEDIPEDIC FOLDING | २ | ६७५० | १३५०० |
| | जम्मा | | | २११००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,११,००० |

३१ **नपुग साझेदारी**

२२५।२०८२।३।२२ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ दफा ४१ बमोजिम उपलब्ध गराइने प्रविधिको कुल लागतको कम्तीमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नु पर्ने व्यवस्था छ। पालिका बाट सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि प्रेमन हनि फर्म बाट रु. ५० हजारको ५ वटा मौरीको घार खरिद गरि देहायका उद्यमीहरुलाई वितरण गरेको छ। रु. ५० हजारको २० प्रतिशत रु. १० हजार उद्यमीहरुले व्यहोर्नु पर्नेमा रु. ५००० मात्र लागत साझेदारी भएकोमा नपुग साझेदारी रु. ५००० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | उद्यमीको नाम | वढी भुक्तानी |
|---|---|---|
| १ | रितिका तामाङ् | १००० |
| २ | छेत्र बहादुर खत्री | १००० |
| ३ | यन्त्र बहादुर खत्री | १००० |
| ४ | पार्वती तामाङ | १००० |
| ५ | शुक्रराज तामाङ | १००० |
| | जम्मा | ५००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

३२ **भुक्तानीमा कर कट्टी :**

आयकर ऐन, २०५८ को दफा ८८ मा लगानी प्रतिफल र सेवा शुल्क को रकम भुक्तानी गर्दा भुक्तानीमा १५ प्रतिशत कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ।

३२.१ पालिकाले नेपाल मध्यस्थता परिषद(नेका) लाई नेप्का प्रशासनिक खर्च तथा मध्यस्थता बापत रु.२,६७,७९८।- पारिश्रमिक भुक्तानी गरेकोमा आयकर ऐन अनुसार १५ प्रतिशत रु.४०,१७०।- कर कट्टा गर्नुपर्नेमा नगरेकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,१७० |

३२.२ **भुक्तानीमा कर कट्टी :**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३३ **बढी दरमा भुक्तानी**

अर्थ मन्त्रालयले जारी गरेको कार्य सञ्चालन निर्देशिका २०८१ मा तालिम गोष्ठि सेमिनार तथा सिप मुलक तालिम संचमलन गर्दा अनुसुची ११ बमोजिम प्रशिक्षकको पारिश्रमिक भुक्तानी दिने व्यवस्था गरेको छ। जस अनुसार स्थानीय स्तरमा संचालन भएको तालिममा प्रशिक्षकले कार्यपत्र वापत प्रति सेशन रु.१,०००।- र कक्षा संचालन वापत प्रति सेशन रु.४००।- गरि जम्मा रु.१,४००।- पाउने तथा एयटा सेशन कम्तीमा १ घण्टा ३० मिनेटको हुनुपर्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ।

३३.१ ५०५।२०८१।१२।६ पालिकाले मिति २०८१।१०।२६ मा वडा नम्बर ८ ले १ दिने शिक्षक विद्यार्थी अभिभावक उत्प्रेरणा कार्यक्रम संचालन गर्दा १ दिनको ९ सेशनको हिसावले प्रशिक्षण वापत रु.१२,६००।- र कार्यपत्र वापत रु.८,०००।- गरी जम्मा रु.२०,६००।- बिल भरपाई पेश गरी बिमला चौलागाई लाई भुक्तानी दिएको देखिन्छ। निर्देशिका बमोजिम १ दिनमा बढीमा ४ सेसन हुने तथा प्रति सेशन रु.१,४००।- का दरले रु.५,६००।- खर्च लेख्न पाइनेमा रु.२०,६००।- खर्च लेखेकोले बढी खर्च लेखेको रु.१५,०००।- सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

३३.२ **बढी भुक्तानी :**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **विपन्न दलित सशक्तिकरण कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले विपन्न दलित सशक्तिकरण कार्यक्रम अन्तर्गत पन्चेवाजा शिक्षण सम्बन्धि तालिम सञ्चालन गर्दा २१ जना सहभागिलाई २०८२।२।२२ देखि २०८२।३।५ सम्म १५ दिने पन्चेवाजा शिक्षण सम्बन्धि तालिम सञ्चालन गरेकोमा २ जना प्रशिक्षकलाई प्रशिक्षक शुल्क वापत प्रति दिन ११०० का दरले खर्च गरेकोमा सोको अतिरिक्त खाना वापत दैनिक रु. ५०० का दरले २ जना प्रशिक्षकको रु.१५००० खर्च गरेको नियमित नदेखिएको साथै पदाधिकारी तथा कर्मचारीलाई कार्यक्रम अनगुमन खर्च वापत रु. ३५००० खर्च गरेको उपयुक्त नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३५,००० |

३५ **कृषि तथा पशुपालन फर्म अनुदान**

बलेफि गाउँपालिकाको कृषि तथा पशु विकास संचालन तथा व्यवस्थापन कार्यविधि २०८० को दफा ७ मा कार्यलयले स्विकृत बजेट बजेट तथा कार्यक्रम अनुसार अनुसुची १ को ढाँचामा १५ दिनको सूचना प्रकाशन गरी कृषक निजि फर्म, समूह, सहकारि कम्पनीहरुसँग प्रस्ताव माग गर्ने र सो सूचना स्थानिय एफ.एम समेत बाट प्रचार प्रसार गर्न सकिने, दफा ८ मा सुचानामा तोकिएको कागजात सहित कार्यक्रम मापदण्ड पुगेका इच्छुक आवेदकले अनुसूची २ को निवेदनको ढाँचामा निवेदन पेश गर्नुपर्ने तथा दफा ९ मा प्राप्त निवेदन उपर आवश्यक परेको अण्डमा दफा १२ बमोजिमको समितिले स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने र सो प्रतिवेदन उपर दफा ४ बमोजिमको समितिको बैठक बसी प्रस्ताव छनौट गरि सम्झौता गर्ने व्यवस्था गरेको छ। पालिकाले उल्लेखित कार्यविधिमा भएको

व्यवस्थाको कार्यान्वयन गर्नुपर्नेमा सो विपरित बजेटमा नै व्यक्तिगत लाभहुने गरी नाम किटान गरी विभिन्न फर्महरुलाई बजेट विनियोजन गरी निकासा दिएको उपयुक्त देखिएन । जसका केहि उदाहरणहरु देहायअनुसार छन।

| भौचर मिति | फर्मको नाम | निकासा रकम |
|---|---|---|
| ६१३।२०८२।१।१७ | सुप्रिन्स कृषि तथा पशुपालन फर्म | ३००००० |
| ७८६।२०८२।३।६ | सुनकोशी बहुउदेश्य कृषि तथा पशु फर्म | १००००० |
| ७९६।२०८२।३।८ | छातीखोला बुङ्गुर पालन तथा कृषि फर्म | १००००० |
| ८७३।२०८२।३।१६ | फुलबारी कृषक समुह | १९२००० |
| ९०५।२०८२।३।१९ | सि.के पोल्टि फर्म | ४८००० |
| ९२०।२०८२।३।२० | जनसन्देश कृषि तथा पशुपालन फर्म | १९२५७५ |
| ७९८।२०८२।३।९ | जाल्बारी पशुपंक्षी तथा कृषि फर्म | २८८००० |

## ३६ मिनिटिलर खरिद तथा वितरण

पालिकाले ७.५ एच.पि कृषि मिनिटिलर कार्यका लागि राष्ट्रिय कृषि इन्जिनियरिङ्ग अनुसन्धान केन्द्र बाट तयार भएको १४ आइटको स्पेशिफिकेशनको आधारमा ३ वटा फर्मबाट दरभाउपत्र माग गरी न्यूनतम प्रति मिनिटिलरको रु. ३८५०० लाई आधार मानि १९२ वटा मिनिटिलरको लागि रु. ७३९२००० को लागत अनुमान तयार गरी राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी बोलपत्र आह्वान गरेकोमा पेश भएको ६ बोलपत्रमध्ये सबैभन्दा न्यूनमत रकम कवोल गर्ने बोलपत्रदाता श्री एग्रो सोलुसन एण्ड स्ट्रक्चर प्रा.लि. सँग प्रतिमिनिटिर २५४०० का दरले रु. ४८७६८०० अर्थात ३४.०३ प्रतिशत घटीमा सम्झौता गरेकोमा १९२ वटा मिनिटिलर आपुर्ति भई रु. ४८७६८०० भुक्तानी भएको देखिन्छ । पालिकाको कृषि तथा पशु विकास सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को दफा ६(१९) मा मिनीटिलर अनुदान प्राप्त गर्नका लागि कृषक समुह/सहकारी/फर्मले कम्तिमा १० रोपनी क्षेत्रमा व्यवासयिक खेती गरेको हुनुपर्ने व्यवस्था रहेको देखिन्छ । पालिकाले २०८१।७।२८ मा सूचना प्रकाशन गरी कृषक/कृषक समुह/कृषि फर्मको दर्ता प्रमाण पत्र लागयतका कागजातसहित मिनिटिलरको लागि निवेदन पेश गर्न सूचना प्रकाशन गरेकोमा २६२ कृषकहरुको निवेदन पेश भई पेट्रोल मिनिटलरको माग गर्ने कृषकहरुलाई छनौट गरी १९२ जनालाई वितरण गरेको देखियो । पालिकाले कार्यविधि बमोजिम व्यवसायिक खेतिमा कृषक संलग्न रहे नहरेको प्रारम्भिक सर्वेक्षण गरेको नदेखिएकोले कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन । यस्तो प्रणाली नहुँदा सूचना र कार्यालयमा पहुँच हुने केही कृषकहरुले मात्र लाभ प्राप्त गर्न सक्ने देखिएकोले कृषक छनौटको बिश्वसनीय र बैज्ञानिक आधार बिकास गरी कार्यान्वयन गरिनुपर्दछ । साथै कृषि सामाग्री वितरण पश्चात उक्त समाग्री प्रयोगको अनुगमन समेत गरेको नदेखिएकोले अनुदानको प्रभावकारी उपयोगको सुनिश्चितताका लागि निरन्तर अनुगमन तथा मुल्याङ्कन समेत गर्नुपर्दछ ।

## ३७ बढी ग्रेड भुक्तानी

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ अनुसार स्थायी शिक्षकहरुले शिक्षा तथा मानव विकास केन्द्रबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाका सामुदायिक विद्यालयहरुका स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन तथा नियुक्ति मिति र निजहरूको तलब भिडान गर्दा देहाय बमोजिमका शिक्षकहरुको तलब बृद्धि हुने अवधि नपुग्दै तलब बृद्धि वापत ग्रेड भुक्तानी भएको देखिदा निजहरूलाई बढी भुक्तानी भएको ग्रेड वृद्धि रु.२७७२४ असूल गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | पद | पाउने ग्रेड | पाएको | ग्रैड दर | महिना | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री आनन्द मावि | संगिता श्रेष्ठ | माशिशि | ० | १ | १४५६ | १० | १४५६० |
| २ | श्री सेतिदेवि मावि | सुमित्रा भुजेल | प्राविशि | ४ | ५ | १०९७ | १२ | १३१६४ |
| जम्मा | | | | | | | | २७७२४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,७२४ |

३८ **शिक्षण सहयोग अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ को क्रियाकलाप नं २.७.१३.४० मा माध्यामिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानको व्यवस्था छ। कार्यविधि अनुसार शुन्य दरबन्दी भएका विद्यालयलाई ३ वटा, १ दरबन्दी भएकालाई २ वटा र २ दरबन्दी भएकालाई १ वटाका दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाबाट देहायका विद्यालयहरुमा ३ राहत दरबन्दी हुदाँ हुदै देहायका शिक्षकहरुलाई नियुक्ती गरी अनुदान निकासा गरेको रु.६८२८०९ नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | विषय | नियुक्ती मिती | जम्मा निकासा |
|---|---|---|---|---|---|
| १ | श्री जालपादेवी मावि | दुर्गा डोटैल | अग्रेजी | २०८१।८।१८ | ३४६४९५ |
| २ | श्री कुपकन्या मावि | सिद्धार्थ पराजुली | अग्रेजी | २०८१।८।२३ | ३३६३१४ |
| जम्मा | | | | | ६८२८०९ |

| | |
|---|---|
| अनियमित भएको | ६,८२,८०९ |

३९ **सामुदायिक सिकाई केन्द्र**

२०७।२०८२।३।१६ कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तरगत सामुदायिक सिकाई केन्द्रको संचालन अनुदान का लागि मापदण्ड पुरा गरेका प्रति सामुदायिक सिकाई केन्द्र लाई रु.३,००,००० का दरले अनुदान दिने व्यवस्था छ। स्थानीय तहले सामुदायिक सिकाई केन्द्रको सन्चालनको प्रभावकारीताको अवस्थाको अनुगमन गरी सामुदायिक सिकाई केन्द्रहरुको स्थानान्तरण वा व्यवस्थापन सुधार गरी सन्चानलमा ल्याउन सक्नेछन् भन्ने उल्लेख छ। सामुदायिक सिकाई केन्द्रले प्रगति प्रतिवेदन र लेखापरीक्षण गरेको प्रतिवेदन पेश गरी अनुदान रकमको उपयोग गर्न सक्ने व्यवस्था रहेकोमा श्री फल्पिङकोट सामुदायिक केन्द्रलाई रु १ लाख ७० हजार अनुदान परिचालिकाको तलब बाहेकका अन्य क्रियाकलापका लागि निकासा दिएकोमा सो रकम खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७०,००० |

४० **आई.सि.टी व्यवस्थापन**

१४९।२०८२।२।१८ कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत स्थानीय तहले विद्यालयमा पुस्तकालय तथा आई.सि.टी व्यवस्थापनको लागि एक पटकका लागि माध्यमिक तह लाई र जेष्ठताका आधारमा कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयलाई प्रति विद्यालय रु. ६ लाख ५० हजार अनुदान दिने व्यवस्था छ। पालिकाले श्री विञ्याल आधारभुत विद्यालय कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालयमा अनुदान निकासा दिएको छ । कार्यविधि अनुसार कक्षा १ देखि ८ सम्मका लागि मात्र यस्तो अनुदान दिने व्यवस्था गरेकोमा कार्यविधि बेगर अनुदान निकासा दिएको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,५०,००० |

४१ **सेनिटरी प्याड**

२२९।२०८२।३।२१ कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विधालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थाका लागि विधालयलाई हस्तान्नतरण गर्ने व्यवस्था छ। स्थानिय तहले विद्यालयमा सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था यकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरि वितरण गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी स्थानिय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानिय तहमा पठाउने गर्नुपर्दछ। पालिकाले शान्थी ट्रेडर्स एण्ड सप्लायर्स प्रालि बाट मिती २०८१।१२।२० मा कोटेशन मार्फत सेनिटरी प्याड ११११५६ वटा प्रति प्याड रु.७२(मु.अ.कर सहित) का दरले जम्मा रु.८,०३,२३२ को खरिद गरेको छ। पालिकाबाट गत विगतको मौज्दात प्याड प्राप्त गर्ने विद्यालयगत विधार्थि संख्या एकिन गर्न

नसकिएको र बुझेको भरपाईमा जम्मा २४८० वटा प्याड मात्र विद्यालयमा हस्तान्तरण भएकोमा बाँकि ८६७६ प्याडको रु.६२४६७२ बराबरको मौज्दात रहेकोले विद्यालयको आवश्यकताको आधारमा हस्तान्तरण गर्ने र खरिद गर्दा विद्यालयको विद्यार्थी संख्याको आधारमा सेनिटरि प्याड खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४२ **विद्यार्थीहरुको कार्यसञ्जिक पुस्तिका**

५५।२०८२।३।६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम विल भरपाई बेगर सरकारी रकम खर्च गर्न नहुने साथै गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुको कार्यसञ्जिका पुस्तिका श्री भुंडी पुरान प्रकाशन प्रा.लि मार्फत १९९५ सेट रु.१३५ का दरले खरिद गरी रु. २,६९,३२५ भुक्तानी दिएको छ।उक्त पुस्तिका मध्ये ३०३ सेट विद्यालयलाई निकासा गरिएकोमा बाँकि १६९२ सेट को रु.२२८४२० विद्यालयहरुलाई हस्तान्तरण गरेको नदेखिएकोले बाँकि रहेको मौज्दात वितरण गर्ने र विद्यालयको आवश्यकता र विद्यार्थी संख्या अनुसार खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४३ **ईन्टरनेट अनुदानमा**

कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विधालय संचालन तथा व्यवस्थापन का लागि विधालय संचालनको अवस्था यकिन गरी पालिकाले अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले गापा चालु बाट सुविसु नेट प्रालि लाई पालिकाभित्रका वडा स्वास्थ्य चौकि र विद्यालयको लागि एकमुष्ट रुपमा जडान बापत भुक्तानी गरेकोमा पालिकाले संघीय शिर्षकबाट पुनः पालिकामा रहेका २८ विद्यालयलाई इन्टरनेट जडानको लागि रु. ४६२००० अनुदान दिएको छ। अतः पालिकाले दोहोरो हुने गरी विद्यालयहरुलाई इन्टरनेट जडान वापत निकासा दिएको रु. ४६२००० नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,६२,००० |

४४ **बाल विकास सहजकर्ताको पारिश्रमिक भुक्तानी**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका, २०७५ को प्रथम संशोधन, २०७७ बमोजिम एक विद्यालय वा समुदायमा २५ जना सम्म विद्यार्थीका लागी १ जना बाल विकास सहजकर्ता राख्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत देहायका विद्यालयमा २५ जना भन्दा कम विद्यार्थी संख्या रहेको विद्यालयमा पनि २ जना बाल विकास सहजकर्ता राखी रु.१७००० का दरले भुक्तानी भएको छ । बालविकास सहजकर्ता नियुक्ति गर्दा कक्षा मा विद्यार्थी संख्याका आधारमा नियुक्त गरी निकासा दिनुपर्नेमा देहायका विद्यालयमा सो अनुपात भन्दा कम विद्यार्थी रहेकोमा समेत तोकेको भन्दा बढी बाल बिकास सहजकर्ता नियुक्ति गरी रु.१३८६००० खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| विद्यालयको नाम | ECD का विद्यार्थी संख्या | नियुक्त ECD शिक्षक | नियुक्त बढी ECD शिक्षक | बढी भार रकम |
|---|---|---|---|---|
| वनकाली आवि पैरे | १२ | २ | १ | २३१००० |
| अर्चल आवि झोलुङगे | १३ | २ | १ | २३१००० |
| सेती देवी मावि गहते | २० | २ | १ | २३१००० |
| करङगौरा आवि फुल्पिङडाडा | १७ | २ | १ | २३१००० |
| सातकन्या आवि जालबारी | १० | २ | १ | २३१००० |
| सरस्वती मावि | २२ | २ | १ | २३१००० |
| जम्मा | | | | १३८६००० |

| | |
|---|---|
| अनियमित भएको | १३,८६,००० |

४५ **समानीकरण अनुदान**

अन्तर सरकारी वीत्तिय हस्तान्तरण ऐन, २०७४ को दफा ८ अनुसार नेपाल सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले समानीकरण अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था छ । साथै अर्थ मन्त्रालयको च.नं. १२१ मिति २०७८।३।२७ को परिपत्र अनुसार वित्तीय समानीकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक भुक्तानी जस्तो खर्च गर्न नमिल्ने व्यवस्था छ । पालिकाको स्वीकृत दरवन्दी भन्दा बाहिरका पालिकाले आन्तरिक श्रोतबाट तलब भत्ता व्यहोर्ने गरी नियुक्त शिक्षकहरुलाई वित्तीय समानीकरण अनुदानबाट यस वर्ष रु.७८,४०,०००।- तलब भत्ता भुक्तानीको लागि विभिन्न विद्यालयलाई निकासा दिएको देखिन्छ। पालिकाले समानीकरण अनुदानबाट खर्च लेख्दा अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन तथा अर्थ मन्त्रालयको परिपत्र अनुसार खर्च गर्नुपर्दछ।

४६ **विद्यार्थी छात्रवृति**

बलेफी गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रममा बलेफी गाउँपालिका भित्रका नागरिकले एम.फिल र पि.एच.डि गर्न चाहेमा क्रमश: रु. १ लाख र रु.१ लाख ५० हजार र यसै गाउँपालिसँग सम्बन्धित विषयमाथि एम.फिल र पि.एच.डि गरेमा रु. २ लाख रुपैँया उपलब्ध गराइने उल्लेख भए बमोजिम कार्यपालिकाको मिति २०८२।१।९ मा बसेको बैठकले देहायका विद्यार्थिलाई छात्रवृति प्राप्त गरेका विद्यार्थीले शोधपत्र को एक प्रति गाउँ कार्यापालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखामा अनिवार्य बुझाउनु पर्ने र छात्रवृति प्राप्त गरेका विद्यार्थीले अध्ययन पुरा नगरेमा, अध्ययन गर्न छाडेमा वा शोधपत्र बुझाउन नसकेमा गाउँपालिकाले दिएको छात्रवृति फिर्ता गर्ने शर्त राखी रु.४,००,००।- भुक्तानी दिएको छ । पालिकाले एम.फिल र पि.एच.डि अध्ययन पुरा गरेका विद्यार्थिको आफ्नो शोधपत्र पालिका प्राप्त गरी सोलाई सम्पत्तिको रुपमा लेखांकन गर्नुपर्दछ ।

| भौचर मिति | विद्यार्थिको नाम र ठेगाना | अध्ययन गरेको विषय र तह | रकम |
|---|---|---|---|
| ८१६।२०८२।३।१९ | उद्धव प्रसाद पौडेल वडा नं ७ | Journalism and mass communixation M phil-Ph.D Batch 2023 | १००००० |
| | टुमराज कोइराला वडा नं ६ | Journalism and mass communixation M phil Batch 2023 | १००००० |
| | यज्ञ प्रसाद पराजुली | Physics/Ph.D | १००००० |
| | सुनिल पौडेल | Electrical Engineering/Ph.d | १००००० |
| जम्मा | | | ४००००० |

४७ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लोगो लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विभिन्न बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.४०८६४१८ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| गो.भौ.न.।मिती | विवरण | आपुर्तिकर्ता | खर्च | खरिद बिधि | कैफियत |
|---|---|---|---|---|---|
| ३४।२०८१।७।१३ | आधारभुत तथा आकस्मिक औषधि | युथ भिजन मेडिसिन डिष्ट्रिब्युटर प्रालि | ४९८३६८ | कोटेशन | संघिय शशर्त |
| २३८।०८२।३।२३ | मातै तथा नवशिशु | केवलेश्वर मेडिसेन्स | ९९००० | सोझै | संघिय शशर्त |
| २३।२०८१।११।२७ | निःशुल्क औषधि खरिद | हेल्पिङ्ग मल्टिपर्पोज | १८४८२७७ | ई बिडीङ् | चालु समानिकरण |
| ३१।२०८२।१।८ | शिबिर संचालन | युथ भिजन मेडिसिन डिष्ट्रिब्युटर प्रालि | ९९५०५ | सोझै | चालु समानिकरण |
| ३२।२०८२।१।८ | आधारभुत तथा आकस्मिक औषधि | एम स्वायर मल्टिपर्पोज | ५००००० | कोटेशन | चालु समानिकरण |
| ५६।२०८२।३।२४ | निःशुल्क औषधि खरिद | एम स्वायर मल्टिपर्पोज | १०४१२६८ | कोटेशन | चालु समानिकरण |
| जम्मा | | | ४०८६४१८ | | |

४८ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष २९६९ लाभग्राहीलाई रु. ११ करोड ३८ लाख २५ हजार खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

४८.१ **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

४८.२ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया भत्ताको दर प्राप्त हुने बैंक लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था गैरसरकारी संस्था सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लेखत कार्यहरु भएको पाइएन ।

४८.३ **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयाको अनुगमन मुल्यांकन गरी पृष्ठपोषण लिएको अभिलेख राखेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४८.४ **बैंक फिर्ता :** पालिकाले उपलब्ध गराएको विवरण अनुसार लाभग्राहीको समाजिक सुरक्षा भत्ता नामावलीबाट लगत कट्टा भईसकेको अवस्थामा समेत लगत कट्टा मिति पछि सम्बन्धित लाभग्राहीको नाममा वितरण भएको रकम रु. १०८९०६ बैंकबाट फिर्ता भएको नदेखिएकोले यकिन गरी फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,९०६ |

४९ **प्रधानमन्त्री रोजगार**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका२०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेरसुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसारकामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमाकार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएकोपूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभईअनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रकादेहायबमोजिमका १० योजनाहरुमा सञ्चालन गरी रु. ४७ लाख २६ हजार खर्च भएको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| क्र.सं. | आयोजनाको नाम | वडा नं | विनियोजित बजेट रु. | खर्च रु. | कामदारसंख्या | रोजगार दिन |
|---|---|---|---|---|---|---|
| १ | जलवरे वनकालि गोरेटो बाटो मर्मत संभार | १ | ५०१२०० | ५०१२०० | ७ | १०० |
| २ | वडा न २ सडक तथा गोरेटो बाटो मर्मत संभार कार्यक्रम | २ | ५७२८०० | ५७२८०० | ८ | १०० |
| ३ | वडा न ३ गोरेटो बाटो मर्मत संभार आयोजना | ३ | ४२९६०० | ४२९६०० | ६ | १०० |
| ४ | लप्चेडाँडा गाउँ करङगैरा गोरेटो बाटो मर्मत संभार आयोजना | ४ | ७८७६०० | ७८७६०० | ११ | १०० |
| ५ | भन्ज्याङथुम्का गोरेटो बाटो मर्मत संभार आयोजना | ५ | ६४४४०० | ६४४४०० | ९ | १०० |
| ६ | तेस्रोटोल बेत्रावती पधेरोटोल दोर्जे गोरेटोबाटो मर्मत संभार आयोजना | ६ | ७१६००० | ७१६००० | १० | १०० |
| ७ | डाँडाटोल कामिटार गोरेटो बाटो मर्मत संभार आयोजना | ७ | ६४४४०० | ६४४४०० | ९ | १०० |
| ८ | करकलेखोला सालबिसौना गोरेटो बाटो मर्मत संभार आयोजना | ८ | ४२९६०० | ४२९६०० | ६ | १०० |
| | जम्मा | | | ४७२५६०० | | |

**(क)** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमाकार्यान्वियनअनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरि अनुगमन मुल्यांकन गरी पृष्ठपोषण प्रदान गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।

(ख) निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेकोदफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वियन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

५० **पदाधिकारी इन्धन सुविधा**

बागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को अनुसुची १(क) मा गाँउपालिकाका अध्यक्ष तथा उपाध्यक्षलाई सवारी साधन उपलब्ध भएमा मासिक ८० लिटर इन्धन पाउने व्यवस्था गरेको छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका अध्यक्ष र उपाध्यक्षले प्रयोग गर्ने सवारीसाधनमा देहायअनुसार तोकिएको भन्दा बढी इन्धन खर्च गरेको छ।पालिकाले तोकिएको मापदण्ड भन्दा बढी इन्धन बापत खर्च लेखेको रु.६३७८०० सम्बन्धमा

लेखापरिक्षणको क्रममा छलफल गर्दा पदाधिकारीको अन्यत्र भ्रमण हुदाँ समेत गरी बढी हुन गएको जवाफ प्राप्त भएको छ। भ्रमणमा जाँदा भएको थप इन्धनको पालिकाले अभिलेख राखेको छैन। अतः पालिकाले पदाधिकारी भ्रमणको अभिलेख राखि सोको आधारमा इन्धनमा थप खर्च गर्नुपर्दछ।

| पद | विवरण | प्रति महिना पाउने | पाउने | पाएको लिटर | बढी लिटर | बढि | कैपीयत |
|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | १२ महिना | ८० | ९६० | ३१८६ | २२२६ | ३३३९०० | औषत १५० का दरले |
| उपाध्यक्ष | १२ महिना | ८० | ९६० | २९८६ | २०२६ | ३०३९०० | |
| जम्मा | | | | | | ६३७८०० | |

## ५१ वनकालि मन्दिर संरक्षण समिति

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५२ पदाधिकारी घरभाडा

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७५ को दफा २, ३, ४, ५ र ६ मा पदाधिकारी सेवा सुविधाको व्यवस्था छ । उक्त व्यवस्थाको अनुसुची १ (क), १ (ख) र १ (ग) मा पदाधिकारीलाई घरभाडा वापत सुविधा उपलब्ध गराउने व्यवस्था गरेको देखिदैन । पालिकाले गाउँपालिका अध्यक्षको लागि मदन कुमार तामाङ को घर भाडामा लिएर प्रति महिना रु.२०,०००।- का दरले १२ महिनाको रु.२,४०,०००।- र उपाध्यक्षकव लागि श्री देवी श्रेष्ठको घर भाडामा लिएर प्रति महिना रु.१५,०००।- का दरले १२ महिनाको रु.१,८०,०००।- गरी जम्मा रु.४,२०,०००।- भुक्तानी भएकोले, ऐनमा नभएको सुविधा भुक्तानी भएको खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,२०,००० |

## ५३ सडक हेरालु नियुक्ती सम्बन्धमा

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १३१ मा अधिकार प्राप्त अधिकारीमा निहित अधिकारहरु मध्ये केही अधिकार त्यस्तो अधिकारको जवाफदेहिता आफूमा रहने गरि अधिकार प्रत्यायोजन गर्न सकिने व्यवस्था रहेको छ । नमुनाको रुपमा परिक्षण गर्दा विभिन्न वडा कार्यालयले आफैले सडक हेरालु नियुक्त गरी सम्झौता बेगर डोर हाजिरी पेश गरी भुक्तानीको लागी पालिकामा सिफारिस गरेको देखिन्छ । सडक हेरालुबाट भएको सडक मर्मतको दैनिक मर्मत अभिलेख पालिकाले अध्यावधिक नराखेकाले कति कार्य भयो भन्ने यकिन हुने सकिएन। यसरी अधिकार प्राप्त अधिकारीले सम्झौता गरी सडक हेरालुको दैनिक कार्यसम्पादनको मुल्यांकन गरी सोही आधारमा कामको आधारमा भुक्तानी गर्नुपर्नेमा वडा कार्यालयले नियुक्ति गरी डोर हाजिरीमा आधारमा रु.४५७९२५ खर्च लेखेकोले दैनिक कार्यप्रगतिका आधारमा पालिकाबाट अधिकार प्राप्त अधिकारीले सम्झौता गरी भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बलेफी गाउँपालिका, सिन्धुपाल्चोक , बलेफी गाउँपालिका , सिन्धुपाल्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | lokendra Bahadur Rai | २०८१-१०-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रेवन्त दहाल | २०८०-४-१७ | २०८१-५-२० |
| कार्यालय प्रमुख | सुर्य बहादुर तामाङ | २०८१-६-९ | २०८२-९-२५ |
| लेखा प्रमुख | Puskar Dev Giri | २०८१-०१-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Narayan Prasad Neupane | २०८१-११-२० | २०८२-०१-१० |
| लेखा प्रमुख | बालकृष्ण दाहाल | २०८०-०४-३१ | २०८१-११-१९ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १९९,३९३ | ८,७२५,४८९ | ३,६८५,७२० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १२,६१०,६०२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | २१५,८०० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १२,३९४,८०२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६९८७९०२७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२०३७५८४० | चालु खर्च | ३११९४३२५८ |
| प्रदेश सरकारबाट अनुदान | ६४०४८००० | पूँजीगत खर्च | १६९४४७१७७ |
| राजश्व बाँडफाँट | ९२२१३५३७ | वित्तीय/अन्य व्यवस्था | १७४८८१८०८ |
| आन्तरिक आय | ६५७९३६७.० | | |
| अन्य आय | १५२२९११५१ | | |
| कुल आय | ६३५५०७८९५.० | कुल खर्च | ६५६२७२२४३ |
| बाँकी मौज्दात | | ४९११४६७९ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ८८६६६००१.५९ | ८२५४५४३१.१५ |
| १३००० | अनुदान | ३५८७७७४११.०४ | ३२९७७४६२५.८ |
| १४००० | अन्य राजस्व | ७९४९५९१.७२ | ८९४५४६१.२२ |
| १५००० | विविध प्राप्ति | ५७६४४१. | ५१९०४५. |
| क | **कुल जम्मा प्राप्ति** | ४५५९६९४४५.३५ | ४२१७८४५६३.१७ |
| ३ | चालु | ३११९४३२५८.०७ | ३०८२०७४८७.८७ |
| २१००० | पारिश्रमिक / सुविधा | ११४८३१७५१.६९ | १३५३०५८६६. |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १२१६५५२७४.३८ | ९२०२९५३१.८७ |
| २५००० | सहायता (Subsidy) | १५१२५९६८. | ४८३८५६९. |
| २६००० | अनुदान | ४४८७५०६४. | ५४५५५२२८. |
| २७००० | सामाजिक सुरक्षा | ११४२२७०१. | ६७९०२५६. |
| २८००० | अन्य खर्च | ४०३२४९९. | १४६८८०३७. |
| ४ | पूंजीगत | १६९४४७१७७.०१ | १३२४८९४७५. |
| ३१११० | भवन तथा संरचना | २७८८९२१७. | २०५५५९२१. |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ६५२७८०४. | ७०२०१०६. |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | २९६४११. |
| ३११५० | सार्वजनिक निर्माण | १३५०३०१५६.०१ | १०४०८९१९३. |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ३२,८४४.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ४९५०००. |
| ५ | वित्तीय | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४८१३९०४३५.०८ | ४४०६९६९६२.८७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | -२५४२०९८९.७३ | -१८९१२३९९.७ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | -६२३८६३१.८५ | ३७३४९९५.११ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | |
| | | | |

| | | | |
|---|---|---|---|
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | -३१६५९६२१.५८ | -१५१७७४०४.५९ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ८०१७४३००.५१ | ८३९००७४३.१ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ४८५१४६७८.९३ | ६८७२३३३८.५१ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततावेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।